विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः खानी तथा खनिज पदार्थ विधेयक,२०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. निशा डाँगी
२.	मा. आशिष गजुरेल
३.	मा. हर्क राज राई मा. पूर्ण प्रसाद लिम्बु
४.	मा. गंगालक्ष्मी अवाल
५.	मा. पूनम कुमारी अग्रवाल
६.	मा. लिमा अधिकारी (आचार्य)
७.	मा. डा. धनन्जय रेग्मी
८.	मा. डा. प्रमिला कुमारी गछदार
९.	मा. बासना थापा मा. जयपती रोकाया मा. रीना उप्रेती (के.सी.)
१०.	मा. संतोष सुब्वा

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
	मा. प्रकाश सिंह कार्की मा. शाहजान खातुन
११.	मा. नरेन्द्र कुमार केरुङ मा. खड्ग शाही
१२.	मा. अरबिन्द साह
१३.	मा. ई. दीपक कुमार साह
१४.	मा. गणेश बहादुर विश्वकर्मा
१५.	मा. परशुराम तामाङ्ग
१६.	मा. सागर ढकाल
१७.	मा. मनिष झा
१८.	मा. डा. राम लामा
१९.	मा. प्रा. डा. पुष्पराज कडेल
२०.	मा. एशुदा कुमारी बराल
२१.	मा. लक्ष्मी प्रसाद पोखरेल
२२.	मा. गंगादेवी श्रेष्ठ
२३.	मा. विधुशी राणा

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
२४.	मा. कृपाराम राना मा. साजिदा खातुन सिद्धिकी
२५.	मा. गोपाल शर्मा
२६.	मा. भरत प्रसाद पराजुली
२७.	मा. सुशील खड्का
२८.	मा. ऐन बहादुर महर
२९.	मा. गुरु प्रसाद बराल
३०.	मा. गणेश कार्की
३१.	मा. राजन गौतम
३२.	मा. नितिमा भण्डारी (कार्की)
३३.	मा. रमेश कुमार मल्ल
३४.	मा. बर्षमान पुन
३५.	मा. गणेश पराजुली

संशोधनको विवरणः

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१.	मा. सुशील खड्का	**प्रस्तावना**	**विधेयकको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखुपर्नेः-** **"प्रस्तावना** : भू-वैज्ञानिक अध्ययन, अनुसन्धान र खानी तथा खनिज पदार्थको अन्वेषण तथा उत्खनन कार्यको व्यवस्थापन, खनिज स्रोतको संरक्षण तथा दिगो उपयोग र खनिजजन्य उद्योगको विकास, प्रवर्धन र नियमन गर्न वाञ्छनीय भएकोले,"
२.	मा. नितिमा भण्डारी (कार्की)		
३.	मा. गणेश कार्की	**प्रस्तावना**	**विधेयकको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखुपर्नेः-** **"प्रस्तावना** : भू-वैज्ञानिक अध्ययन, अनुसन्धान र खानी तथा खनिज पदार्थको अन्वेषण तथा उत्खनन कार्यको व्यवस्थापन गर्दै खानीजन्य उद्योगको विकास, प्रवर्धन र नियमन गर्न, संविधानअनुसार सङ्घ, प्रदेश र स्थानीयतहबिच अधिकार र जिम्मेवारी बाँडफाँट गर्न खानी तथा खनिज पदार्थ सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले,"
४.	मा. लिमा अधिकारी (आचार्य)	२	**खण्ड (ड) पछि देहायको खण्ड (ड१) थप गर्नुपर्नेः-** "(ड१) "अध्यक्ष" भन्नाले प्राधिकरणको अध्यक्ष सम्झनुपर्छ।" **खण्ड (ण) पछि देहायको खण्ड (ण१) थप गर्नुपर्नेः-** "(ण१) "प्राधिकरण" भन्नाले दफा ३क. बमोजिम स्थापना भएको खानी तथा खनिज पदार्थ नियमन प्राधिकरण सम्झनुपर्छ।"
५.	मा. डा. धनन्जय रेग्मी	२	**खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखुपर्नेः-** "(च) कम्पनी भन्नाले प्रचलित कानुनबमोजिम खानी तथा खनिजसम्बन्धी कार्य गर्ने उद्देश्यसहित संस्थापना भएको कम्पनी सम्झनुपर्छ।"
६.	मा. विधुशी राणा		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
७.	मा. डा. धनन्जय रेग्मी	२	<u>खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखुपर्नेः-</u> "(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।
८.	मा. अरबिन्द शाह	२	<u>खण्ड (ग) पछि देहायको खण्ड (ग१) र खण्ड (झ) पछि देहायको खण्ड (झ१) थप गर्नुपर्नेः-</u> "(ग१) "वार्षिक दिगो उत्खनन सीमा (ASEL)" भन्नाले कुनै नदी प्रणालीमा वर्षभरि प्राकृतिक रूपमा रिचार्ज हुने सेडिमेन्टको वैज्ञानिक अध्ययनका आधारमा तोकिएको अधिकतम सङ्कलनयोग्य परिमाण सम्झनुपर्छ।" "(झ१) "नदी स्रोत व्यवस्थापन योजना (RRMP)" भन्नाले जलाधारको भौगर्भिक बनोट, हाइड्रोलिक्स र भूमिगत जल संवेदनशीलताका आधारमा नदीगत रूपमा तयार पारिएको वैज्ञानिक उत्खनन योजना सम्झनुपर्छ।"
९.	मा. गणेश बहादुर विश्वकर्मा	२	<u>खण्ड (झ) पछि देहायको खण्ड (झ१) थप गर्नुपर्नेः-</u> "(झ१) "खनिज कार्य प्रभावित क्षेत्र" भन्नाले खनिज कार्यबाट प्रभावित खनिज क्षेत्र र सोको आसपासको प्रभावित समुदायलाई समेत जनाउँछ।"
१०.	मा. भरत प्रसाद पराजुली	२	<u>खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखुपर्नेः-</u> "(च) "कम्पनी" भन्नाले कम्पनी ऐन बमोजिम खनिजसम्बन्धी कार्य गर्ने उद्देश्यसहित संस्थापना भएको कम्पनी सम्झनुपर्छ।" <u>खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखुपर्नेः-</u> "(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
११.	मा. सुशील खड्का	२	<u>देहायको खण्ड (ज१) थप गर्नुपर्नेः-</u> "(ज१) "रणनीतिक वा सामरिक महत्वको खनिज पदार्थ" भन्नाले दफा ७ बमोजिम नेपाल सरकारले रणनीतिक वा सामरिक महत्वको खनिज पदार्थको रूपमा घोषणा गरेको खनिज पदार्थ सम्झनुपर्छ।" <u>खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नुपर्नेः-</u> "(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।"
१२.	मा. नितिमा भण्डारी (कार्की)		
१३.	मा. गुरु प्रसाद बराल	२	<u>खण्ड (ड) मा रहेका,</u> - "महानिर्देशक सम्झनुपर्छ" भन्ने शब्दहरूका सट्टा "सम्बन्धित विभागीय प्रमुख सम्झनुपर्छ" भन्ने शब्दहरू राख्नुपर्ने।
१४.	मा. गणेश कार्की	२	<u>देहायको खण्ड (थ) थप गर्नुपर्नेः-</u> "(थ) "संवेदनशील भौतिक संरचना (Vital Installation)" भन्नाले राष्ट्रिय सुरक्षा, सार्वजनिक सुरक्षा, ऊर्जा आपूर्ति, सञ्चार सेवा, यातायात सेवा, खानेपानी आपूर्ति, स्वास्थ्य सेवा, विपद् व्यवस्थापन वा अन्य अत्यावश्यक सार्वजनिक सेवा प्रवाहसँग प्रत्यक्ष सम्बन्धित तथा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भवन, संरचना, प्रणाली, प्रतिष्ठान वा पूर्वाधार सम्झनुपर्छ।"
१५.	मा. गणेश पराजुली	२	<u>देहायको खण्ड (थ) र (द) थप गर्नुपर्नेः-</u> "(थ) "परम्परागत वा हस्तकलामूलक सतही खनिज सङ्कलन" भन्नाले भारी यन्त्र, विस्फोटक पदार्थ, ड्रिलिङ, सुरुङ वा गहिरो उत्खनन नगरी जमिनको सतहमा प्राकृतिक रूपमा खुलेर देखिएका वा सतहको ढिलो माटो वा कङ्कडमा रहेका नेपाल सरकारले तोकेका क्रिस्टल क्वार्ज, रत्न वा अर्धरत्न खनिजलाई हात वा साना गैर-यान्त्रिक औजारबाट सीमित परिमाणमा

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			सङ्कलन गर्ने कार्य सम्झनुपर्छ, यसले नदीको बहाव वा भू-आकृति परिवर्तन गर्ने उत्खननलाई जनाउने छैन। (द) "वास्तविक लाभग्राही" भन्नाले कम्पनीको शेयर, मताधिकार, आर्थिक लाभ वा अन्य माध्यमबाट अन्तिम रूपमा स्वामित्व वा प्रभावकारी नियन्त्रण राख्ने प्राकृतिक व्यक्ति सम्झनुपर्छ।"
१६.	मा. बासना थापा मा. जयपती रोकाया मा. रीना उप्रेती (के.सी.)	३	**<u>दफा (३) को सट्टा देहायको दफा (३) राख्नुपर्नेः-</u>** "३. **<u>खनिज पदार्थको संरक्षण तथा व्यवस्थापन</u>** : (१) नेपाल भित्र निजी, सामुदायिक, सरकारी वा सार्वजनिक स्वामित्वमा रहेको जुनसुकै प्रकारको जमिनको सतह वा भूगर्भमा प्रकृतिक अवस्थामा रहेको खनिज पदार्थको संरक्षण, व्यवस्थापन तथा उपयोग नेपाल सरकारले नागरिक तथा भावी पुस्ताको हितमा हुने गरी गर्नेछ। (२) खनिज पदार्थको संरक्षण, व्यवस्थापन तथा उपयोग गर्दा अन्तरपुस्ता न्याय, वातावरणीय दिगोपन, सार्वजनिक हित, पारदर्शिता तथा जवाफदेहिताको सिद्धान्तलाई आधार मानिनेछ।"
१७.	मा. ई. दीपक कुमार साह	३	**<u>दफा ३ को दफा शीर्षकमा रहेका,</u>** - "सरकारी सम्पत्ति हुने" भन्ने शब्दहरूका सट्टा "राष्ट्रिय सम्पत्ति हुने" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>दफा ३ को दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी सो पछि देहायका उपदफा (२), (३) र (४) थप गर्नुपर्नेः-</u>** "(२) उपदफा (१) बमोजिम सरकारी सम्पत्ति हुने खनिज पदार्थबाट प्राप्त हुने रोयल्टी र नेपाल सरकारले प्राप्त गर्ने हिस्सा राष्ट्रिय खनिज सम्पत्ति कोषमा जम्मा गरिनेछ। (३) उपदफा (२) बमोजिमको कोषको मूलधन कायम राखी सोबाट प्राप्त हुने प्रतिफल मात्र शिक्षा, स्वास्थ्य, पूर्वाधार र अनुसन्धानमा खर्च गर्न सकिनेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			(४) उपदफा (२) र (३) बमोजिमको कोषको स्थापना, सञ्चालन, लगानी र प्रतिफलको उपयोग सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"
१८.	मा. परशुराम तामाङ्ग	३	**<u>दफा ३ मा रहेको,</u>** - "सरकारी" भन्ने शब्दको सट्टा "राज्यको" भन्ने शब्द राखुपर्ने।
१९.	मा. गोपाल शर्मा	३	**<u>दफा ३ मा रहेको,</u>** - "निजी" भन्ने शब्द झिक्नुपर्ने।
२०.	मा. रमेश कुमार मल्ल		
२१.	मा. सुशील खड्का	३	**<u>दफा ३ को सट्टा देहायको दफा ३ राखुपर्नेः-</u>** ३. **<u>सरकारी सम्पत्ति हुने</u>** : "नेपालभित्र निजी, सामुदायिक, सरकारी वा सार्वजनिक स्वामित्वमा रहेको जुनसुकै प्रकारको जमिनको सतह वा भू-गर्भभित्र रहेको वा पाइएको प्राकृतिक अवस्थामा रहेको खनिज पदार्थ नेपाल सरकारी सम्पत्ति हुनेछ।"
२२.	मा. नितिमा भण्डारी (कार्की)		
२३.	मा. गणेश कार्की	३	**<u>दफा ३ मा रहेका,</u>** - "निजी, सामुदायिक, सरकारी वा सार्वजनिक स्वामित्वमा" भन्ने शब्दहरू झिक्नुपर्ने।
२४.	मा. लिमा अधिकारी (आचार्य)	**दफा थप**	**<u>दफा ३ पछि देहायको दफा ३क. थप गर्नुपर्नेः-</u>** "**३क.** **<u>प्राधिकरणको स्थापना</u>** : (१) खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन, उपयोग तथा खानीजन्य उद्योगको प्रवर्धन, नियमन र व्यवस्थित गर्न एक स्वायत्त नियामक निकायको रूपमा "खानी तथा खनिज पदार्थ प्राधिकरण" स्थापना गरिने छ। (२) यस दफा बमोजिम प्राधिकरण गठन नहुँदासम्मको लागि प्राधिकरणका कार्यहरू विभागमार्फत नै हुनेछ।"
२५.	मा. गंगालक्ष्मी अवाल	४	**<u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखुपर्नेः-</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(५) केन्द्र सरकार वा विभागले खनिज अन्वेषण वा उत्खननसम्बन्धी कुनै पनि कार्य अगि बढाउनु पूर्व सम्बन्धित प्रदेश र स्थानीय तहको अनिवार्य लिखित पूर्वस्वीकृति र समन्वय लिनु पर्नेछ जसले नेपालको संविधानको सङ्घीय मर्मलाई अक्षुण्ण राख्नेछ।"
२६.	मा. कृपाराम राना मा. साजिदा खातुन सिद्धिकी	४	<u>देहायको उपदफा (६) थप गर्नुपर्नेः-</u> "(६) विभागले खानी तथा खनिज पदार्थको अन्वेषण गर्दा सम्बन्धित प्रदेश र स्थानीय पालिकासँग अनिवार्य समन्वय तथा सूचना आदानप्रदान गर्नु पर्नेछ।"
२७.	मा. गणेश कार्की	४	<u>उपदफा (३) र (५) को सट्टा देहायको उपदफा (३) र (५) राखुपर्नेः-</u> "(३) उपदफा (२) बमोजिमको कार्य गर्नको लागि सम्बन्धित प्रदेश सरकारले आपसी सहमतिमा नेपाल सरकारलाई अनुरोध गरेमा वा छलफल सुरु भएर विवाद सृजना भई बढीमा २ बर्षभित्र सहमति हुन नसकेमा त्यस्तो खानी तथा खनिज पदार्थको अन्वेषण विभागमार्फत हुनेछ। (५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अन्वेषण जुनसुकै चरणमा पुगेको कुनै खनिज पदार्थको अन्वेषणसम्बन्धी कार्य विभागमार्फत गर्न सक्नेछ।"
२८.	मा. राजन गौतम	४	<u>उपदफा (१) र (५) को सट्टा देहायको उपदफा (१) र (५) राखुपर्नेः-</u> "(१) खानी तथा खनिज पदार्थको प्रारम्भिक अन्वेषण तथा खोजतलास सम्बन्धित प्रदेश कानुनबमोजिम योग्य प्राविधिकको सिफारिस तथा सम्बन्धित स्थानीय तहको समन्वयमा गर्न सकिनेछ। (५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय हित वा रणनीतिक महत्त्वका खनिज पदार्थको अन्वेषण विभागमार्फत गर्न सक्नेछ।"
२९.	मा. हर्क राज राई मा. पूर्ण प्रसाद लिम्बु	५	<u>उपदफा (२) मा रहेका,</u> - "विभाग आफैंले वा" भन्ने शब्दहरूपछि "नेपाली नागरिकले चलाएको स्वदेशी" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
३०.	मा. डा. प्रमिला कुमारी गछदार	५	<u>उपदफा (२) मा रहेका,</u> - "उत्खनन गर्न वा गराउन सक्नेछ" भन्ने शब्दहरूका सट्टा "उत्खनन गरी स्वदेशमै मूल्य अभिवृद्धि (value addition) हुनेगरी प्रशोधन उद्योग स्थापना गर्न वा गराउन सक्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
३१.	मा. सागर ढकाल	५	<u>दफा ५ मा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - " खानी उत्खनन पूर्व आदिवासी जनजाति र स्थानीय समुदायसँग परामर्श गर्ने र सांस्कृतिक तथा परम्परागत महत्त्वका स्थलहरूको पहिचान र संरक्षण गर्ने।"
३२.	मा. एशुदा कुमारी बराल	५	<u>उपदफा (५) पछि देहायको उपदफा (५क) थप गर्नुपर्नेः-</u> "(५क) नेपाल सरकारले राष्ट्रिय खनिज खोजको वैज्ञानिक नक्साङ्कन, भौगर्भिक सर्वेक्षण, अन्वेषण, भण्डार, गुणस्तर तथा आर्थिक सम्भाव्यताको मूल्याङ्कन गरी राष्ट्रिय खनिज सूची तथा डिजिटल खनिज तथ्याङ्क प्रणाली तयार गर्नेछ।"
३३.	मा. गोपाल शर्मा	५	<u>उपदफा (४) पछि देहायको उपदफा (५) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(५) सङ्घ, प्रदेश, स्थानीय तह वा निजी क्षेत्रले लगानी गर्दा स्थानीय समुदायलाई ३० प्रतिशत सेयर लगानीको व्यवस्था गर्नु पर्नेछ।"
३४.	मा. रमेश कुमार मल्ल		
३५.	मा. बर्षमान पुन		
३६.	मा. सुशील खड्का	५	<u>देहायको उपदफा थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
३७.	मा. नितिमा भण्डारी (कार्की)		"(७) खानी सम्झौता गर्दा नै स्थानीय समुदायको शेयर हिस्सा हुने सुनिश्चित गर्ने।"
३८.	मा. गणेश पराजुली	**५**	**<u>उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नुपर्नेः-</u>** "(६) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी दफा ११क. बमोजिम परम्परागत वा हस्तकलामूलक सतही सङ्कलन गर्न योग्य खनिज, क्षेत्र र अधिकतम सीमा निर्धारण गरेपछि सम्बन्धित स्थानीय तहलाई सङ्घीय मापदण्डको अधीनमा रही त्यस्तो अनुमतिपत्र जारी, नवीकरण, अनुगमन र खारेज गर्ने अधिकार दिन सक्नेछ।"
३९.	मा. लिमा अधिकारी (आचार्य)	**दफा थप**	**<u>दफा ५ पछि देहायको दफा ५क. थप गर्नुपर्नेः-</u>** "**५क.** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ को भाग २ को खण्ड (क) को बहुमूल्य खनिज पदार्थ सम्बन्धी सम्पूर्ण कार्य सङ्घीय सरकारले, खण्ड (ख) को महत्त्वपूर्ण खनिज पदार्थ सम्बन्धी सम्पूर्ण कार्य प्रदेश सरकारले र खण्ड (ग) को सामान्य खनिज पदार्थसम्बन्धी सम्पूर्ण कार्य स्थानीय सरकारले गर्न सक्नेछ।"
४०.	मा. आशिष गजुरेल	**६**	**<u>उपदफा (३) मा रहेका,</u>** - "खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ" भन्ने शब्दहरूका सट्टा "खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी अन्य व्यवस्था वन, वातावरण, राष्ट्रिय निकुञ्ज तथा उद्योग प्रवर्धन ऐनसँग नबाझिने गरी तोकिएबमोजिम हुनेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
४१.	मा. परशुराम तामाङ्ग	**६**	**<u>उपदफा (१) मा रहेका,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			- "तहले गर्नु पर्नेछ" भन्ने शब्दहरूका सट्टा "तहको हुनेछ" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (२)</u> झिक्नुपर्ने।
४२.	मा. हर्क राज राई मा. पूर्ण प्रसाद लिम्बु	७	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u> "(३) यस ऐनअन्तर्गत रही नेपाल सरकारले रणनीतिक या सामरिक महत्वका खनिज पदार्थका खनिज कार्य गराउनु पर्नेछ।"
४३.	मा. डा. प्रमिला कुमारी गछदार	७	<u>उपदफा (४) मा रहेका,</u> - "नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको कम्पनीमार्फत गराउनु पर्नेछ" भन्ने शब्दहरूका सट्टा "नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको कम्पनीमार्फत वा स्वदेशी विश्वविद्यालय र अनुसन्धान संस्थाको सहभागितामा गराउनु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
४४.	मा. बासना थापा मा. जयपती रोकाया मा. रीना उप्रेती (के.सी.)	७	<u>उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(२) उपदफा (१) बमोजिम कुनै खनिज पदार्थलाई रणनीतिक वा सामरिक महत्त्वको खनिज पदार्थ घोषणा गर्नुअगि नेपाल सरकारले त्यस्तो खनिज पदार्थको आर्थिक, औद्योगिक, आपूर्ति सुरक्षा तथा राष्ट्रिय सुरक्षासम्बन्धी मूल्याङ्कन गर्नु पर्नेछ र त्यस्तो मूल्याङ्कन प्रतिवेदन संसद्बाट पारित गरी उपदफा (१) अनुरूपको घोषणा गर्नुको आधार र कारणसहित नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।"
४५.	मा. गोपाल शर्मा	७	<u>उपदफा (४) पछि देहायको उपदफा (५) थप गर्नुपर्नेः-</u> "(५) रणनैतिक र सामरिक महत्वको खनिज पदार्थको निकासी गर्न सङ्घीय संसद्को दुई तिहाई बहुमतको स्वीकृति लिनु पर्नेछ।"
४६.	मा. बर्षमान पुन		
४७.	मा. निशा डाँगी	८	<u>उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(१क) उपदफा (१) बमोजिम खनिज क्षेत्र घोषणा गर्नुअगि नेपाल सरकारले सम्बन्धित प्रदेश सरकार, स्थानीय तह तथा त्यस्तो घोषणाबाट प्रत्यक्ष रूपमा प्रभावित हुने जग्गाधनी तथा स्थानीय समुदायलाई प्रस्तावित खनिज क्षेत्रको सीमा, उद्देश्य, सम्भावित वातावरणीय, सामाजिक तथा आर्थिक प्रभाव सम्बन्धमा सूचना दिई आवश्यक परामर्श गर्नु पर्नेछ।"
४८.	मा. अरबिन्द शाह	८	<u>उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> "तर चुरे र भावर जलाधार खण्ड, पानीको मुख्य रिचार्ज क्षेत्र (Groundwater Recharge Zone) र अत्यधिक भू-क्षय संवेदनशील क्षेत्रलाई साधारण निर्माणमुखी खनिज उत्खननका लागि खनिज क्षेत्र घोषणा गरिने छैन।"
४९.	मा. ई. दीपक कुमार साह	८	<u>देहायको उपदफा (५) र (६) थप गर्नुपर्नेः-</u> "(५) उपदफा (१) बमोजिम घोषणा गरिएको खनिज क्षेत्रमध्ये उत्खनित खनिज पदार्थको प्रशोधन, शुद्धीकरण वा मूल्य अभिवृद्धि गर्ने उद्योग स्थापना गर्न उपयुक्त देखिएको क्षेत्रलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खनिज औद्योगिक क्षेत्र घोषणा गर्न सक्नेछ। (६) उपदफा (५) बमोजिम घोषणा गरिएको खनिज औद्योगिक क्षेत्रमा अनुमतिपत्र दिँदा नेपालभित्रै प्रशोधन वा मूल्य अभिवृद्धि गर्ने उद्योग स्थापना गर्ने कम्पनीलाई प्राथमिकता दिनु पर्नेछ।"
५०.	मा. परशुराम तामाङ्ग	८	<u>उपदफा (३) मा रहेका,</u> - "कुनै व्यक्ति" भन्ने शब्दहरूपछि "सामुदायिक" भन्ने शब्द थप गर्नुपर्ने।
५१.	मा. डा. धनन्जय रेग्मी	८	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखुपर्नेः-</u> "(३) खनिज क्षेत्र घोषणा गरेको क्षेत्रमा रहेको निजी घरजग्गा आवश्यक परेमा नेपाल सरकारले प्रचलित कानुन बमोजिम प्राप्त गर्न सक्ने। खनिज क्षेत्र घोषणा गरेको क्षेत्रमा कम्पनीलाई साधिकार

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
५२.	मा. विधुशी राणा		निकायबाट खनिज कार्य गर्ने अनुमति प्राप्त भएमा दफा २१ बमोजिम कम्पनीले निजी सम्पत्ति प्राप्त गर्न सक्नेछ। खनिज कार्यको अनुमति पत्र जारी भएको क्षेत्रको सबै वा कुनै भूभागलाई विभागले खनिज क्षेत्र घोषणा गरी राष्ट्रिय वन समेतको भूभाग रहेको भएमा रुख विरुवा हटाई, हटाएको रुखबिरुवा सम्बन्धित डिभिजन वन कार्यालयलाई बुझाई खनिज कार्य गर्न बाधा पर्नेछैन।"
५३.	मा. भरत प्रसाद पराजुली	८	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u> "(३) उपदफा १ बमोजिम घोषणा गरिएको खनिज क्षेत्रभित्र रहेको कुनै व्यक्तिको निजी घरजग्गा आवश्यक परेमा नेपाल सरकारले दफा २१ बमोजिम कम्पनीले निजी घरजग्गा प्राप्त गर्न सक्नेछ।" <u>देहायको उपदफा (४) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(४) खनिज कार्यको अनुमति पत्र जारी भएको क्षेत्रको सबै वा कुनै भूभागलाई विभागले खनिज क्षेत्र घोषणा गरी राष्ट्रिय वन समेतको भूभाग रहेको भएमा रुख बिरुवा हटाई, हटाएको रुखविरुवा सम्बन्धित डिभिजन बन कार्यालयलाई बुझाई खनिज कार्य गर्न बाधा पर्नेछैन।"
५४.	मा. सुशील खड्का	८	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u> "(३) उपदफा १ बमोजिम घोषणा गरिएको खनिज क्षेत्रभित्र रहेको कुनै व्यक्तिको निजी घर जग्गा आवश्यक परेमा प्रचलित कानुनबमोजिम प्रचलित बजार मूल्यमा आधारित उचित तथा तत्काल क्षतिपूर्ति भुक्तानी र पुनर्स्थापना सुनिश्चित गरी मात्र नेपाल सरकारले त्यस्तो जग्गा प्राप्त गर्न सक्नेछ।" <u>देहायको उपदफा थप गर्नुपर्नेः-</u> "विभागले खनिज क्षेत्र घोषणा गरी राष्ट्रिय वन समेतको भूभाग रहेको भएमा रुख बिरुवा हटाई, हटाएको रुख बिरुवा सम्बन्धित डिभिजन वन कार्यालयलाई बुझाई खनिज कार्य गर्न बाधा पर्नेछैन।"
५५.	मा. नितिमा भण्डारी (कार्की)		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
५६.	मा. गणेश पराजुली	८	<u>उपदफा (४) पछि देहायका उपदफा (५), (६) र (७) थप गर्नुपर्नेः-</u> "(५) विभागले सङ्घ, प्रदेश र स्थानीय तहबाट जारी वा विचाराधीन खनिज अधिकार, घोषित खनिज क्षेत्र, रोक्का क्षेत्र, निषेधित क्षेत्र र अन्य भू-उपयोग प्रतिबन्ध समेटिएको एकीकृत डिजिटल खनिज अधिकार अभिलेख (Mineral Cadastre) कायम गर्नेछ। (६) राष्ट्रिय सुरक्षा वा कानुनबमोजिम गोप्य राख्नुपर्ने विवरणबाहेक उपदफा (५) को नक्सा, अनुमतिपत्रको अवस्था, निवेदन मिति, खनिजको प्रकार र अनुमतिपत्रको अवधि सार्वजनिक पहुँचमा राख्नु पर्नेछ। एउटै क्षेत्र वा खनिज अधिकार दोहोरो नपर्ने गरी मात्र नयाँ निवेदन दर्ता वा अनुमति जारी गर्न सकिनेछ। (७) खनिज क्षेत्र घोषणा गर्दा सम्बन्धित स्थानीय तहको भू-उपयोग योजना, बस्ती, पानीका स्रोत, सार्वजनिक पूर्वाधार र आवश्यक सुरक्षा दुरी नक्सामा देखाई समन्वय गर्नु पर्नेछ।"
५७.	मा. गणेश बहादुर विश्वकर्मा	**दफा थप**	<u>दफा ८ पछि देहायको दफा ९ थप गरी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-</u> "९. <u>खनिज प्रभावित क्षेत्र तोक्नुपर्ने</u> : (१) दफा ८ बमोजिम खनिज क्षेत्र तोक्दा उक्त खनिज कार्यबाट प्रभावित हुने क्षेत्र र समुदाय समेत पहिचान गरी तोक्नु पर्नेछ । (२) खनिज प्रभावित क्षेत्रको संरक्षण तथा सुरक्षा र खनिज प्रभावित क्षेत्रको समुदायका वासिन्दाहरूका लागि उक्त खानी सञ्चालनबाट प्राप्त राजस्वको कम्तिमा २५ प्रतिशत रकम क्षतिपूर्तिको रुपमा उपलब्ध गराउनु पर्नेछ । (३) खानी सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त कम्पनीले प्रभावित समुदायसँगको सहभागितामा वातावरणीय र सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने योजना तर्जुमा गरी प्रभावित समुदाय मार्फत कार्यान्वयन गर्नु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
५८.	मा. गणेश पराजुली	१०	<u>उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थप गर्नुपर्नेः-</u> "(३) दफा २ को खण्ड (थ) बमोजिमको कार्यलाई "परम्परागत वा हस्तकलामूलक सतही सङ्कलन" को छुट्टै श्रेणी मानिनेछ र यसलाई औद्योगिक अति साना स्तरको उत्खननसँग स्वतः समान मानिने छैन। (४) त्यस्तो श्रेणीको वार्षिक परिमाण, खनिजको प्रकार, सङ्कलन क्षेत्र, औजार, वातावरणीय संवेदनशीलता र बजार मूल्यका आधारमा फरक सीमा तोक्न सकिनेछ।"
५९.	मा. पूनम कुमारी अग्रवाल	११	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u> "(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि जग्गाधनीले आफ्नो निजी प्रयोजनको लागि घर, गोठ वा पर्खाल बनाउन र मर्मत गर्न आफ्नै स्वामित्वको जमिनबाट अधिकतम २५० घनमिटरसम्म ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट झिक्दा, सङ्कलन वा उपयोग गर्दा यस ऐनबमोजिमको अनुमतिपत्र लिनु पर्नेछैन। त्यसरी झिकिएको सामग्री बेच्न वा व्यापारिक उद्देश्यले थुपारेर राख्न समेत पाइने छैन।"
६०.	मा. परशुराम तामाङ्ग	११	<u>देहायको उपदफा (२) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(२) आदिवासी जनजातिको जमिन वा भूभागमा खानी तथा खनिज पदार्थको उपयोग वा दोहन गर्नुपूर्व प्रभावित आदिवासी जनजाति तथा स्थानीय समुदायको स्वतन्त्र, पूर्व तथा सुसूचित सहमति लिनु पर्नेछ। उनीहरूको बस्ती हटाउनु पर्ने अवस्थामा सोही गुण, किसिमको जमिन सट्टाभर्ना गर्नुपर्ने र विस्थापन गरेबापत परिपूरणको व्यवस्था तथा खानी तथा खनिज पदार्थको उपयोगबाट प्राप्त लाभबाट हिस्सा दिने व्यवस्था गरिनेछ।"
६१.	मा. गणेश पराजुली	११	<u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(४) दफा ११क. बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा तोकिएको खनिज, क्षेत्र, अवधि, परिमाण र सङ्कलन विधिभित्र रही कार्य गर्दा छुट्टै अन्वेषण वा उत्खनन अनुमतिपत्र लिनुपर्ने छैन।"
६२.	मा. गणेश पराजुली	**दफा थप**	<u>दफा ११ पछि देहायको दफा ११क. थप गर्नुपर्नेः-</u> "**११क. <u>परम्परागत वा हस्तकलामूलक सतही खनिज सङ्कलन अनुमतिपत्र</u>** : (१) दफा ५ को उपदफा (६) बमोजिम तोकिएको क्षेत्रमा नेपाली नागरिक वा स्थानीय सङ्कलनकर्ताले अनुसूची-३ बमोजिमको सहुलियतपूर्ण दस्तुर बुझाई एक आर्थिक वर्षका लागि अनुमतिपत्र लिन सक्नेछ। (२) अनुमतिपत्रमा खनिज, क्षेत्र, अधिकतम परिमाण, अनुमत औजार, वातावरणीय सर्त, अभिलेख र बिक्री प्रक्रिया स्पष्ट उल्लेख गर्नु पर्नेछ। (३) भारी यन्त्र, ड्रिलिङ, ब्लास्टिङ, सुरुङ, गहिरो खन्ने कार्य, नदीको बहाव परिवर्तन, संरक्षित वा निषेधित क्षेत्रमा सङ्कलन तथा तोकिएको सीमाभन्दा बढी सङ्कलन निषेध हुनेछ। (४) स्थानीय तहले अनुमतिपत्र, सङ्कलन परिमाण, बिक्री र रोयल्टीको अभिलेख राखी विभाग र प्रदेशलाई आवधिक विवरण उपलब्ध गराउनु पर्नेछ। (५) सङ्कलित खनिज दफा २३ख. बमोजिमको मान्यता प्राप्त केन्द्र वा अनुमतिप्राप्त प्रशोधन/व्यापार संस्थामार्फत वैधानिक रूपमा बिक्री गर्न सकिनेछ तर संकलक बिक्रेताको pan number समावेश हुन पर्नेछ । (६) अनुमतिपत्र गैरहस्तान्तरणीय हुनेछ। अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"
६३.	मा. गणेश पराजुली	१२	<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(४) उपदफा (३) बमोजिम प्रदान गरिने अन्वेषण अनुमतिपत्र प्राप्त गर्नका लागि आवश्यक पर्ने क्षेत्रफल, प्राविधिक तथा आर्थिक योग्यता, अनुभव, न्यूनतम कार्यप्रतिबद्धता, वातावरणीय एवं सुरक्षा क्षमता र एउटा कम्पनीले लिन पाउने अधिकतम अनुमतिपत्र सङ्ख्या सम्बन्धी वस्तुगत मापदण्डहरू नियममा स्पष्ट रूपमा तोकिनेछन्। यस्ता मापदण्डहरू खानीको आवेदन आह्वान गर्नु वा दर्ता प्रक्रिया सुरु गर्नु अगावै अनिवार्य रूपमा सार्वजनिक गरिनु पर्नेछ।" **<u>उपदफा (४) पछि देहायको उपदफा (५) थप गर्नुपर्नेः-</u>** "(५) पूर्ण निवेदन प्राप्त भएको मितिले नब्बे दिनभित्र अनुमति दिने वा नदिने कारणसहितको लिखित निर्णय गर्नु पर्नेछ, थप विवरण आवश्यक भए एक पटक मात्र कारणसहित माग गर्न सकिनेछ।"
६४.	मा. डा. धनन्जय रेग्मी	१३	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u>** "(१) अनुसूची-१ मा उल्लिखित बहुमूल्य खनिज, महत्वपूर्ण खनिज र सामान्य खनिज पदार्थको अन्वेषण अनुमतिपत्रको अवधि यस ऐनको अधिनमा रही क्रमशः चार वर्ष, चार वर्ष र दुई वर्षको हुनेछ।"
६५.	मा. बिधुशी राणा		
६६.	मा. बिधुशी राणा	१३	**<u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्नेः-</u>** "(४) यस दफाबमोजिम रित पुऱ्याई निवेदन दिएको तोकिएको समय भित्र अनुमतिपत्र प्रदान गरिनु पर्नेछ, यदि दिन नमिल्ने भएमा निवेदकलाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ।"
६७.	मा. भरत प्रसाद पराजुली	१३	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u>** "(१) अनुसूची-१ मा उल्लिखित बहुमूल्य खनिज, महत्वपूर्ण खनिज र सामान्य खनिज पदार्थको अन्वेषण अनुमतिपत्रको अवधी यस ऐनको अधीनमा रही क्रमशः चार वर्ष, चार वर्ष र दुई वर्षको हुनेछ।" **<u>देहायको उपदफा (४) थप गर्नुपर्नेः-</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(४) Mining Scheme, TOR, IEE/EIA, वन स्वीकृति तथा सम्बन्धित प्रशासनिक निर्णयका लागि प्रत्येक चरणमा बाध्यकारी समयसीमा तोकिनेछ।"
६८.	मा. सुशील खड्का	१३	<u>उपदफा (३) मा रहेका,</u> - "थप गर्न मनासिव देखेमा" भन्ने शब्दहरूका सट्टा "थप गर्नुपर्ने औचित्य पुष्टि भएमा" भन्ने शब्दहरू राख्नुपर्ने।
६९.	मा. नितिमा भण्डारी (कार्की)		
७०.	मा. गुरु प्रसाद बराल	१३	<u>उपदफा (३) मा रहेका,</u> - "एक पटकको लागि" भन्ने शब्दहरूका सट्टा "अन्तिम पटकको लागि" भन्ने शब्दहरू राख्नुपर्ने। - "एक वर्ष थप गर्न सक्नेछ" भन्ने शब्दहरूका सट्टा "क्रमशः तीन वर्ष, दुई वर्ष र एक वर्ष थप गर्न सक्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
७१.	मा. हर्क राज राई मा. पूर्ण प्रसाद लिम्बु	१४	<u>उपदफा (१) मा रहेका,</u> - "अनुमतिपत्र प्राप्त गरेको" भन्ने शब्दहरूपछि "स्वदेशी" भन्ने शब्द थप गर्नुपर्ने।
७२.	मा. पूनम कुमारी अग्रवाल	१४	<u>उपदफा (८) मा रहेका,</u> - "एक पटकमा एक वर्षमा नबढाई बढीमा तीन वर्षमा" भन्ने शब्दहरूका सट्टा "एक पटकमा एक वर्षमा नबढाई बढीमा ५ वर्ष जसमा तीन वर्ष सबैका लागि र विशेष अवस्थामा एक पटकमा एक वर्षमा नबढाई दुई वर्षका लागि" भन्ने शब्दहरू राख्नुपर्ने।
७३.	मा. डा. धनन्जय रेग्मी	१४	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(१) अन्वेषण अनुमतिप्राप्त कम्पनीले अन्वेषण सकाई गुणस्तर र परिमाण यकिन भइसकेपछि उत्खनन अनुमतिपत्र लिन चाहेमा अन्वेषण अनुमतिपत्रको अवधि समाप्त हुनु अगि नै सम्बन्धित प्रदेशको अन्वेषण अनुमतिपत्र जारी गर्ने निकायमा उत्खनन अनुमतिपत्रको लागि निवेदन दिनु पर्नेछ। यसरी प्राप्त निवेदनलाई प्रदेशको अन्वेषण अनुमतिपत्र जारी गर्ने निकायले निवेदनसाथ संलग्न हुनुपर्ने कागजात रहे नरहेको यकिन गरी सात कार्यदिन भित्र उत्खनन अनुमतिपत्रको लागि विभागमा पठाउनु पर्नेछ।"
७४.	मा. बासना थापा मा. जयपती रोकाया मा. रीना उप्रेती (के.सी.)	१४	<u>उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप गरी त्यसपछिका खण्डक्रम मिलाउनु पर्नेः-</u> "(ग) तोकिएको ढाँचामा खानी बन्द गर्ने विधि, पुनर्स्थापना गर्नुपर्ने क्षेत्रको विवरण, अनुमानित लागत, कार्यतालिका, वित्तीय व्यवस्था तथा बन्दपछिको अनुगमनसम्बन्धी विवरण सहितको खानी बन्द तथा वातावरणीय पुनर्स्थापना योजना (Mine Closure and Rehabilitation Plan)।"
७५.	मा. अरबिन्द शाह	१४	<u>उपदफा (१) मा देहायको खण्ड (क१) थप गर्नुपर्नेः-</u> "(क१) साधारण निर्माणमुखी नदीजन्य खनिजको हकमा स्वीकृत "नदी स्रोत व्यवस्थापन योजना (RRMP)" र कम्तीमा २-डी न्यूमेरिकल मोडलिङ सहितको हाइड्रोलोजिकल सेडिमेन्ट अध्ययन प्रतिवेदन।" <u>उपदफा (५) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> - "नदीजन्य खनिजको हकमा वार्षिक दिगो उत्खनन सीमा (ASEL) भन्दा बढी परिमाणको उत्खनन अनुमतिपत्र जारी गरिने छैन।"
७६.	मा. गणेश बहादुर विश्वकर्मा	१४	<u>देहायको उपदफा (१०) थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(१०) खनिज कार्यको अनुमतिपत्र प्रदान गर्नुपूर्व उक्त कार्यबाट प्रभावित क्षेत्रका स्थानीय समुदायमा सम्बन्धित निकाय र कम्पनीले सार्वजनिक सुनुवाइ आयोजना गरी खनिज कार्यको बारेमा जानकारी गराउनु पर्नेछ।"
७७.	मा. डा. राम लामा	१४	<u>उपदफा (८) पछि देहायको उपदफा (९) थप गर्नुपर्नेः-</u> "(९) नवीकरणीय ऊर्जा तथा ग्रीन हाइड्रोजनबाट सञ्चालित खनिज कार्यलाई हरित खनन इजाजतपत्र (Green Mining License) का रूपमा वर्गीकरण गरी रोयल्टी, कर तथा दस्तुरमा तोकिएबमोजिम छुट दिन सकिनेछ।"
७८.	मा. एशुदा कुमारी बराल	१४	<u>उपदफा (५) पछि देहायको उपदफा (५क) र (५ख) थप गर्नुपर्नेः-</u> "(५क) रणनीतिक, महत्वपूर्ण वा उच्च आर्थिक सम्भाव्यता भएका खनिजको उत्खनन अनुमतिपत्र प्रदान गर्दा सम्भव भएसम्म नेपालीमै प्रशोधन, परिष्करण, मूल्य अभिवृद्धि तथा औद्योगिक उपयोग गर्ने योजना पेस गर्नुपर्नेछ। (५ख) प्राविधिक वा आर्थिक रूपमा नेपालभित्र प्रशोधन सम्भव नभएको अवस्थामा कारणसहित मात्र कच्चा वा अर्धप्रशोधित खनिज निर्यात गर्न अनुमति दिन सकिनेछ।"
७९.	मा. लक्ष्मी प्रसाद पोखरेल	१४	<u>उपदफा (८) मा रहेका,</u> - "तीन वर्षका लागि" भन्ने शब्दहरूका सट्टा "दुई वर्षको लागि" भन्ने शब्दहरू थप गर्नुपर्ने।
८०.	मा. भरत प्रसाद पराजुली	१४	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u> "(१) अन्वेषण अनुमतिप्राप्त कम्पनीले अन्वेषणसम्बन्धी कार्य सम्पन्न भई गुणस्तर र परिमाण यकिन भइसकेपछि उत्खनन अनुमतिपत्र लिन चाहेमा अन्वेषण अनुमतिपत्रको अवधि वहाल रहँदाको अवस्थामा नै विभागबाट अन्वेषण अनुमतिपत्र प्राप्त गरेकाको हकमा विभागमा र सो बाहेक अन्यको हकमा सम्बन्धित

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			प्रदेशको अन्वेषण अनुमतिपत्र जारी गर्ने निकायमा उत्खनन अनुमतिपत्रको लागि तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ। यसरी प्राप्त निवेदनलाई अन्वेषण अनुमतिपत्र जारी गर्ने निकायले निवेदनसाथ संलग्न हुनुपर्ने कागजात रहे नरहेको यकिन गरी सात कार्यदिन भित्र उत्खनन अनुमतिपत्रको लागि विभागमा पठाउनु पर्नेछ।"
८१.	मा. सुशील खड्का	१४	<u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखुपर्नेः-</u> "(५) उपदफा (१) वा (३) बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न कागजात तथा विवरणका आधारमा विभागले उत्खनन कार्ययोजना स्वीकृत गरी प्रचलित कानुनबमोजिम वातावरणीय अध्ययन र सामाजिक प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने भएमा सो समेत स्वीकृत गराई खनिज क्षेत्रको आकार तथा क्षेत्रफल र खनिज कार्यको स्तरको आधारमा अवधि तोकी त्यस्तो कम्पनीलाई अनुसूची-३ बमोजिमको उत्खनन कार्यको लागि लाग्ने अनुमतिपत्र दस्तुर लिई उत्खनन अनुमतिपत्र प्रदान गर्न सक्नेछ।"
८२.	मा. नितिमा भण्डारी (कार्की)		
८३.	मा. ऐन बहादुर महर	१४	<u>उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप गर्नुपर्नेः-</u> "(घ) सुरक्षा प्रोटोकलसम्बन्धी योजना र खानी प्रभावित क्षेत्रका बासिन्दा र सो क्षेत्रमा पर्ने वन्यजन्तु व्यवस्थापनको विस्तृत कार्ययोजना पेस गर्नुपर्ने।"
८४.	मा. नितिमा भण्डारी (कार्की)	१४	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखुपर्नेः-</u> "(३) उपदफा (१) बमोजिम प्रदेशको अन्वेषण अनुमतिपत्र जारी गर्ने निकायमा प्राप्त निवेदनउपर त्यस्तो निकायले उपदफा (२) बमोजिम कागजात तथा विवरण यकिन गरी उक्त निवेदन र विवरण सहितका कागजात ३० दिन भित्र उत्खनन अनुमितपत्रका लागि विभागमा पठाउनु पर्नेछ।"
८५.	मा. गणेश पराजुली	१४	<u>उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(ग) प्रभावित समुदायसँग सूचना तथा परामर्श गर्ने प्रभावित योजना तथा विभागले तोकेका अन्य आवश्यक कागजात तथा विवरण।" **<u>उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्नुपर्नेः-</u>** "(७) सर्त निर्धारण गर्दा खनिजको प्रकृति र परिमाण, भौगोलिक तथा भू-आकृतिक अवस्था, सडक/बजार पहुँच, उत्खनन विधि, भू-प्रकोप तथा वातावरणीय जोखिम, पानीको उपलब्धता, आवश्यक प्रविधि र लगानीका आधारमा फरकफरक मापदण्ड निर्धारण गर्न सकिनेछ।" **<u>उपदफा (९) पछि देहायको उपदफा (१०) थप गर्नुपर्नेः-</u>** "(१०) वैध अन्वेषण अनुमतिपत्र प्राप्त कम्पनीले समयभित्र सोही क्षेत्र र खनिजको उत्खनन अनुमतिपत्रका लागि पूर्ण निवेदन दिएको अवस्थामा त्यसको अन्तिम निर्णय नभएसम्म सोही अधिकार तेस्रो पक्षलाई प्रदान गर्न पाइने छैन, अस्वीकृत गर्दा स्पष्ट कारण दिनु पर्नेछ।"
८६.	मा. गणेश पराजुली	**दफा थप**	**<u>दफा १४ पछि देहायको दफा १४क. थप गर्नुपर्नेः-</u>** "**१४क. <u>एकल बिन्दु सेवा तथा समयसीमा</u>** : (१) उत्खनन अनुमतिपत्रका लागि पूर्ण निवेदन प्राप्त भएपछि विभागले वन, वातावरण, भू-उपयोग, जग्गा, पहुँचमार्ग तथा अन्य आवश्यक स्वीकृतिका लागि एकल बिन्दु समन्वय प्रणाली सञ्चालन गर्नेछ। (२) सम्बन्धित निकायले पूर्ण कागजात प्राप्त भएको मितिले एक सय असी दिनभित्र स्वीकृति दिने, सर्तसहित दिने वा नदिने निर्णय कारणसहित उपलब्ध गराउनु पर्नेछ। (३) समयसीमा नाघेमा र ढिलाइको कारण तथा अद्यावधिक अवस्था विद्युतीय प्रणालीमा अभिलेख गरिनेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			(४) सरकारी निकायको प्रमाणित ढिलाइका कारण कार्य सुरु हुन नसकेको अवधि अनुमतिपत्रको प्रभावकारी अवधिमा गणना गरिने छैन।"
८७.	मा. भरत प्रसाद पराजुली	१५	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> "(१) अनुसूची-२ बमोजिमका अति साना स्तर, साना स्तर, मझौला स्तर र ठूला स्तरका खनिज पदार्थको उत्खनन अनुमतिपत्रको अवधि यस एनको अधीनमा रही क्रमशः दश वर्ष, पन्ध्र वर्ष, बिस वर्ष र तिस बर्ष हुनेछ। रणनीतिक महत्वका खानी उत्खननको हकमा नेपाल सरकार मन्त्रिपरिषद्ले विशेष व्यवस्था गर्न सक्नेछ। तर ऐन प्रारम्भ हुनुअगि विभागबाट जारी भएका उत्खनन अनुमतिपत्रको हकमा उत्खनन अनुमतिपत्रको अवधि यस दफामा उल्लेख भएको अवधिभन्दा कम भएमा सोही अनुमतिपत्रमा उल्लेख भएबमोजिम र बढी भएमा यस ऐनमा उल्लिखित अवधिनै कायम हुनेछ।"
८८.	मा. सुशील खड्का	१५	<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्नेः-</u> "(४) उपदफा (१) र (३) बमोजिमको अवधिभित्र उत्खनन कार्य गर्दासमेत उत्खनन अनुमतिपत्र जारी भएको क्षेत्रमा खनिज पदार्थको भण्डारण बाँकी रहने भई सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले थप उत्खनन गर्न चाहेमा अनुमतिपत्रको अवधि सकिनुभन्दा एक वर्ष अगावै उत्खनन कार्ययोजनासहित दफा १४ बमोजिम पुनः निवेदन दिनु पर्नेछ। सम्बन्धित कम्पनीले सो खनिज पदार्थको उत्खनन गर्न नचाहेमा सम्बन्धित कम्पनीको स्वीकृतिमा अन्य कम्पनीले समेत अनुमतिपत्रको लागि निवेदन गर्न सक्नेछ।"
८९.	मा. नितिमा भण्डारी (कार्की)		
९०.	मा. नितिमा भण्डारी (कार्की)	१५	<u>देहायको उपदफा (४ख) थप गर्नुपर्नेः-</u> "(४ख) उपदफा (४) बमोजिम कुनै थप विवरण तथा कागजात पेस गर्न लगाउने वा कुनै विषयमा थप स्पष्ट पार्न निर्देशन भएकोमा त्यस्तो कागजात पेस भएको वा स्पष्टीकरण पेस भएको मितिले ३०

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			दिनभित्र र नभएकोमा उपदफा (१) बमोजिम निवेदन पेस गरेको मितिले ३० दिनभित्र अनुमतिपत्र प्रदान गर्नु पर्नेछ।"
९१.	मा. डा. धनन्जय रेग्मी	१६	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> "(१) विभागले अन्वेषण गरी पत्ता लगाएको जुनसुकै खानी तथा खनिज पदार्थको उत्खनन कार्यका लागि त्यस्तो खानी तथा खनिज पदार्थको अन्वेषणमा लागेको प्रत्यक्ष खर्चको खुद वर्तमान मूल्य कायम गरी सो मूल्यलाई न्यूनतम मूल्य मानी तोकिए बमोजिम प्राविधिक तथा आर्थिक रूपमा योग्य कम्पनीहरू मध्ये सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने कम्पनीसँग सम्झौता गरी अनुसूची-३ बमोजिमको उत्खनन अनुमतिपत्र दस्तुर लिई दफा १४ बमोजिम उत्खनन अनुमतिपत्र जारी गर्न सक्नेछ। साथै उत्खनन अनुमतिपत्र जारी गर्दा माइनिङ्ग स्किम स्वीकृत तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको कार्य समेत अनुमतिपत्र जारी गर्ने निकायले प्राप्त गर्दा अनुमतिपत्र जारी गर्नु पर्नेछ।"
९२.	मा. डा. प्रमिला कुमारी गछदार	१६	<u>उपदफा (१) मा रहेका,</u> - "सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने कम्पनी" भन्ने शब्दहरूका सट्टा "प्रविधिक र वातावरणीय रूपमा उत्कृष्ट कार्ययोजना र बढी मूल्य प्रस्ताव गर्ने कम्पनी" भन्ने शब्दहरू राख्नुपर्ने।
९३.	मा. ई. दीपक कुमार साह	१६	<u>उपदफा (१) मा रहेका,</u> - "सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने कम्पनीसँग सम्झौता गरी" भन्ने शब्दहरूका सट्टा "तोकिए बमोजिमको मूल्याङ्कन प्रणालीअनुसार सर्वाधिक अङ्क प्राप्त गर्ने कम्पनीसँग सम्झौता गरी" भन्ने शब्दहरू राख्नुपर्ने। <u>देहायको उपदफा (४) थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(४) उपदफा (१) बमोजिमको मूल्याङ्कन प्रणालीमा प्राविधिक क्षमता, लगानी क्षमता, प्रस्तावित रोयल्टी वा राजस्व हिस्सा, नेपालभित्र प्रशोधन तथा मूल्य अभिवृद्धि, रोजगारी सिर्जना र वातावरणीय संरक्षण योजनालाई आधार मानिनेछ र सोको भार तोकिएबमोजिम हुनेछ।"
९४.	मा. मनिष झा	१६	**<u>उपदफा (१) मा रहेका,</u>** - "सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने कम्पनीसँग" भन्ने शब्दहरूका सट्टा "प्राविधिक क्षमता, आर्थिक तथा वित्तीय क्षमता, प्रस्तावित लगानी, वातावरणीय व्यवस्थापन तथा पुनर्स्थापना योजना, राज्यलाई प्राप्त हुने आर्थिक प्रतिफल, स्थानीय रोजगारी तथा सामाजिक उत्तरदायित्वसम्बन्धी वस्तुगत मापदण्डका आधारमा प्रतिस्पर्धात्मक मूल्याङ्कनबाट छनोट भएको कम्पनीसँग" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (१) पछि देहायका उपदफाहरू थप गरी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्नेः-</u>** "(२) उपदफा (१) बमोजिम कम्पनी छनोट गर्दा मूल्याङ्कनका आधार, अङ्कभार, प्राप्ताङ्क तथा छनोटको निर्णय सार्वजनिक गर्नु पर्नेछ। (३) उपदफा (२) बमोजिमको सम्झौतामा कम्तीमा उत्पादनको परिमाण, लगानीको प्रतिबद्धता, रोयल्टी तथा अन्य राजस्व, वातावरणीय संरक्षण तथा पुनर्स्थापना, स्थानीय रोजगारी, सामाजिक उत्तरदायित्व, उत्पादनको अभिलेख, लेखापरीक्षण, अनुगमन तथा सम्झौता उल्लङ्घन भएमा हुने कारबाहीसम्बन्धी विषय अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।"
९५.	मा. बिधुशी राणा	१६	**<u>देहायको उपदफा (१क) थप गर्नुपर्नेः-</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(१क) सुन, चाँदी, बहुमूल्य, महत्त्वपूर्ण तथा व्यावसायिक खनिजमा निजी तथा अन्तर्राष्ट्रिय लगानी प्रवर्धन गर्न पारदर्शी बोलपत्र (Competitive Bidding) र निश्चित, अनुमानयोग्य (Predictable) रोयल्टी तथा कर ढाँचा तोकी खुला गरिनेछ।"
९६.	मा. भरत प्रसाद पराजुली	१६	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u> "(१) विभागले अन्वेषण गरी पत्ता लगाएको जुनसुकै खानी तथा खनिज पदार्थको उत्खनन कार्यका लागि त्यस्तो खानी तथा खनिज पदार्थको अन्वेषणमा लागेको प्रत्यक्ष खर्च लाई न्यूनतम मुल्य कायम गरी बढाबढमा दिने गरी सबैभन्दा वढी कबुल गर्नेलाई दिने अनुसूची-३ बमोजिमको उत्खनन अनुमतिपत्र दस्तुर लिई दफा १४ बमोजिम उत्खनन अनुमतिपत्र जारी गर्न सक्नेछ। साथै उत्खनन अनुमतिपत्र जारी गर्दा माइनिङ्ग स्किम स्वीकृत तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको कार्य समेत अनुमतिपत्र जारी गर्ने निकायले पुरा गरी अनुमतिपत्र जारी गर्नु पर्नेछ।"
९७.	मा. सुशील खड्का	१६	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u> "(१) विभागले अन्वेषण गरी पत्ता लगाएको जुनसुकै खानी तथा खनिज पदार्थको उत्खनन कार्यका लागि त्यस्तो खानी तथा खनिज पदार्थको अन्वेषणमा लागेको प्रत्यक्ष खर्चको खुद वर्तमान मूल्य कायम गरी सो मूल्यलाई न्यूनतम मूल्य मानी तोकिएबमोजिम प्राविधिक तथा आर्थिक रूपमा योग्य कम्पनीहरूमध्ये प्रतिस्पर्धात्मक प्रक्रियाबाट सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने कम्पनीसँग सम्झौता गरी अनुसूची-३ बमोजिमको अन्वेषण अनुमतिपत्र दस्तुर लिई दफा १२ बमोजिम अन्वेषण अनुमतिपत्र जारी गर्न सक्नेछ।"
९८.	मा. नितिमा भण्डारी (कार्की)		
९९.	मा. गणेश पराजुली	१६	<u>उपदफा (१) मा रहेका,</u> - "सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने कम्पनी" भन्ने शब्दहरूका सट्टा "खुला र पारदर्शी प्रतिस्पर्धाबाट पूर्वप्रकाशित मूल्याङ्कन मापदण्डअनुसार प्राविधिक क्षमता, वित्तीय क्षमता, कार्ययोजना, वातावरणीय

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			तथा खानी बन्द दायित्व, स्वदेशी प्रशोधन वा मूल्य अभिवृद्धि, स्थानीय रोजगारी/सीप विकास र राज्यलाई प्राप्त हुने आर्थिक प्रतिफलको समग्र मूल्याङ्कनमा सर्वोत्कृष्ट प्रस्ताव गर्ने योग्य कम्पनी" भन्ने शब्दहरू राख्नुपर्ने।
१००.	मा. डा. धनन्जय रेग्मी	१७	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> "(१) अनुमतिपत्र नवीकरणको लागि प्रत्येक आर्थिक वर्ष समाप्त भएको नब्बे दिनभित्र अनुसूची-३ बमोजिमको नवीकरण दस्तुर र अनुसूची-४ बमोजिमको भू-बहाल बुझाएको निस्सा संलग्न गरी अनुमतिपत्र जारी गर्ने निकायमा निवेदन दिनु पर्नेछ।"
१०१.	मा. बिधुशी राणा		
१०२.	मा. भरत प्रसाद पराजुली		
१०३.	मा. सुशील खड्का	१७	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> "(१) अनुमतिपत्र नवीकरणको लागि प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३० दिन दिनभित्र अनुसूची-३ बमोजिमको नवीकरण दस्तुर र अनुसूची-४ बमोजिमको भू-बहाल बुझाएको निस्सा संलग्न गरी अनुमतिपत्र जारी गर्ने निकायमा निवेदन दिनु पर्नेछ।"
१०४.	मा. नितिमा भण्डारी (कार्की)		
१०५.	मा. गणेश पराजुली	१७	<u>दफा १७ को सट्टा देहायको दफा १७ राख्नुपर्नेः-</u> "१७. <u>वार्षिक अनुपालन प्रमाणीकरण</u> : (१) दफा १३ वा १५ बमोजिम कायम अनुमतिपत्रको मूल अवधि यथावत रहनेछ। प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालिस दिनभित्र अनुमतिपत्र प्राप्त पक्षले तोकिएको वार्षिक दस्तुर, भू-बहाल, रोयल्टीको निस्सा र वार्षिक प्रतिवेदन पेस गर्नु पर्नेछ। (२) आवश्यक दायित्व पूरा भएको देखिएमा अनुमतिपत्र जारी गर्ने निकायले तिस दिनभित्र वार्षिक अनुपालन प्रमाणीकरण गरिदिनु पर्नेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			(३) कागजात वा भुक्तानीमा सुधार गर्न मिल्ने कमी भए लिखित सूचना दिई कम्तीमा तिस दिनको सुधार अवधि दिनु पर्नेछ। सुधार नभए दफा १८ बमोजिम कारबाही गर्न सकिनेछ। (४) वार्षिक अनुपालन प्रमाणीकरणलाई अनुमतिपत्रको नयाँ प्रतिस्पर्धात्मक नवीकरण मानिने छैन।"
१०६.	मा. डा. धनन्जय रेग्मी	१८	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u> "(२) अनुमतिपत्र नवीकरण नगराएको अवस्थामा स्पष्टीकरण सोधेर मात्रै अनुमतिपत्र रद्द गर्नुपर्ने।"
१०७.	मा. भरत प्रसाद पराजुली	१८	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u> "(२) अनुमतिपत्र नवीकरण नभएको वा सुधार गर्न सकिने प्रक्रियागत त्रुटिका कारण रद्द गर्नुअगि सम्बन्धित अनुमतिपत्रधारीलाई मनासिब समय दिई स्पष्टीकरण पेस गर्ने अवसर दिनु पर्नेछ।"
१०८.	मा. ऐन बहादुर महर	१८	<u>उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका,</u> - "तर उपदफा (१) को खण्ड (क), (ख) वा (छ)" भन्ने शब्दहरूका सट्टा "तर उपदफा (१) को खण्ड (क), (ख), (च) वा (छ)" भन्ने शब्दहरू राख्नुपर्ने।
१०९.	मा. गणेश पराजुली	१८	<u>उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थप गर्नुपर्नेः-</u> "(३) रोयल्टी/दस्तुर ढिलाई, प्रतिवेदन, प्रशासनिक सर्त वा सुधार गर्न सकिने अन्य उल्लङ्घनका आधारमा अनुमतिपत्र रद्द गर्नु अगि उल्लङ्घन स्पष्ट गरी कम्तीमा तिस दिनको सुधार अवधि दिनु पर्नेछ। (४) जानाजानी अवैध उत्खनन, गम्भीर वातावरणीय वा सुरक्षा जोखिमम, झुट्टा विवरणबाट सरकारी हानि, प्रतिबन्धित क्षेत्रमा कार्य वा पटकपटकको गम्भीर उल्लङ्घनमा उपदफा (३) को सुविधा नदिन सकिनेछ, कारण लिखित रूपमा उल्लेख गर्नु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
११०.	मा. मनिष झा	१९	<u>उपदफा (३) पछि देहायको स्पष्टीकरण थप गर्नुपर्नेः-</u> "<u>स्पष्टीकरणः</u> अनुमतिपत्रको अवधि थप गर्नुअगि अनुमतिपत्र प्राप्त कम्पनीले गरेको वास्तविक लगानी, परियोजनाको प्रगति, उत्खनन कार्य सुरु गर्न नसकेको कारण, वातावरणीय अवस्था तथा राज्यलाई प्राप्त हुने राजस्वमा पर्ने प्रभावको मूल्याङ्कन गर्नु पर्नेछ।"
१११.	मा. ई. दीपक कुमार साह	दफा थप	<u>दफा १९ पछि देहायको दफा १९क. थप गर्नुपर्नेः-</u> "१९क. <u>खनिज कार्य सञ्चालन नगरेमा अनुमतिपत्र रद्द गर्न सक्ने</u> : (१) अनुमतिपत्र प्राप्त कम्पनीले दफा १९ बमोजिमको म्याद वा सोको थप म्यादभित्र खनिज कार्य सुरु नगरेमा वा उत्खनन कार्य निरन्तर सञ्चालनमा नराखेमा अनुमतिपत्र जारी गर्ने निकायले त्यस्तो अनुमतिपत्र रद्द गर्न सक्नेछ। तर वाजिब कारणले खनिज कार्य सञ्चालन हुन नसकेको भनी अनुमतिपत्र प्राप्त कम्पनीले पुष्ट्याइ गरेमा अनुमतिपत्र जारी गर्ने निकायले उपयुक्त म्याद थप गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द गर्नुअगि अनुमतिपत्र जारी गर्ने निकायले सम्बन्धित कम्पनीलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।"
११२.	मा. हर्क राज राई मा. पूर्ण प्रसाद लिम्बु	२०	<u>दफा २० को सट्टा देहायको दफा २० राख्नुपर्नेः-</u> "२०. <u>निषेधित क्षेत्र घोषणा गर्नसक्ने</u> : नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय सुरक्षा, सार्वजनिक हित, सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्त्व, पारिस्थितिक प्रणाली वा जैविक विविधता संरक्षणको दृष्टिले महत्त्वपूर्ण र संवेदनशील मानिएका कुनै क्षेत्रलाई खनिजको लागि निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ।"
११३.	मा. डा. प्रमिला कुमारी गछदार	२०	<u>दफा २० को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "यसरी निषेधित क्षेत्र घोषणा गर्दा सम्बन्धित स्थानीय तहसँग परामर्श गर्नु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
११४.	मा. गणेश बहादुर विश्वकर्मा	२०	<u>दफा २० को दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप गर्नुपर्नेः-</u> "(२) धार्मिक तथा सांस्कृतिक सम्पदा र पुख्यौंली बस्तीहरू, खानेपानी, सिँचाइ, सडक, वन्यजन्तुको वासस्थान, जलचर र जैविक विविधता एवं नदी र सोको मूलधारमा प्रभाव पर्नेगरी गरी खनिज कार्य गर्न पाइने छैन।"
११५.	मा. सुशील खड्का	२०	<u>दफा २० को दफा शीर्षकपछि उल्लिखित बेहोराको सट्टा देहायको बेहोरा राखुपर्नेः-</u> "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्त्व, पारिस्थितिक प्रणाली वा जैविक विविधता संरक्षणको दृष्टिले संवेदनशील मानिएको कुनै क्षेत्रलाई चार किल्ला खुलाई निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ।"
११६.	मा. नितिमा भण्डारी (कार्की)		
११७.	मा. ऐन बहादुर महर	२०	<u>दफा २० मा रहेका,</u> - "सार्वजनिक हित वा ऐतिहासिक" भन्ने शब्दहरूपछि "धार्मिक" भन्ने शब्द थप गर्नुपर्ने।
११८.	मा. निशा डाँगी	२१	<u>उपदफा (५) पछि देहायको उपदफा (६) र (७) थप गर्नुपर्नेः-</u> "(६) यस दफाबमोजिम निजी जग्गा प्रयोग वा प्राप्त गर्दा जग्गाधनीलाई कानुनबमोजिम निर्धारण भएको उचित क्षतिपूर्ति प्रदान नगरी त्यस्तो जग्गा प्रयोग वा प्राप्त गर्न पाइने छैन। (७) क्षतिपूर्ति निर्धारण गर्दा जग्गाको प्रचलित मूल्य, बाली, रुख, घर तथा अन्य भौतिक सम्पत्तिको क्षति, जीविकोपार्जनमा परेको असर तथा पुनर्स्थापना गर्न लाग्ने आवश्यक खर्च समेतलाई आधार मान्नु पर्नेछ।"
११९.	मा. गंगालक्ष्मी अवाल	२१	<u>उपदफा (५) मा रहेका,</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			- "सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरूका सट्टा "प्रभावित जग्गाधनी, स्थानीय जनप्रतिनिधि र मालपोतका प्राविधिक सम्मिलित त्रिपक्षीय "जग्गा मूल्याङ्कन समिति" गठन गरी प्रचलित बजार मूल्यका आधारमा मुआब्जा" भन्ने शब्दहरू राख्नुपर्ने।
१२०.	मा. डा. प्रमिला कुमारी गछदार	२१	**<u>उपदफा (४) मा रहेका,</u>** - "उचित क्षतिपूर्ति दिनु पर्नेछ" भन्ने शब्दहरूका सट्टा "उचित क्षतिपूर्ति दिनु पर्नेछ र खानीका कारण विस्थापित हुने समुदायको स्थायी पुनः स्थापना र जीविकोपार्जनको ग्यारेन्टी गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
१२१.	मा. अरबिन्द साह	२१	**<u>देहायको उपदफा (६) थप गर्नुपर्नेः-</u>** "(६) नदिजन्य खनिज उत्खननका कारण तल्लो तटीय क्षेत्रको भूमिगत जलसतह (Groundwater Table) घटी खानेपानी, सिँचाइ वा नदी नियन्त्रण पूर्वाधार (पुल/तटबन्ध) मा क्षति पुगेमा अनुमतिप्राप्त कम्पनीले सोको वातावरणीय क्षतिपूर्ति तिर्नु पर्नेछ।"
१२२.	मा. गणेश बहादुर विश्वकर्मा	२१	**<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्नेः-</u>** "(४) खनिज कार्य गर्दा निजी जग्गा वा बालीनाली लगायत स्थानीय समुदायको सामुदायिक सम्पत्तिमा क्षति पुगेमा आपसी सहमतिमा अनुमतिपत्र प्राप्त कम्पनीले सम्बन्धित व्यक्ति र समुदायलाई क्षतिको उचित मूल्याङ्कन गरी न्यायोचित क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ।" **<u>उपदफा (५) मा रहेका,</u>** - "सम्बन्धित व्यक्ति" भन्ने शब्दहरूका सट्टा "सम्बन्धित व्यक्ति वा समुदाय" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१२३.	मा. परशुराम तामाङ्ग	२१	<u>उपदफा (१), (२), (३) र (४) को ठाउँठाउँमा रहेको,</u> - "निजी" भन्ने शब्दपछि "सामुदायिक" भन्ने शब्द थप गर्नुपर्ने।
१२४.	मा. मनिष झा	२१	<u>उपदफा (३) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> "तर निजी जग्गा प्राप्त गर्नु अगि सम्बन्धित जग्गाधनी तथा प्रभावित परिवारसँग अर्थपूर्ण परामर्श गरी उचित क्षतिपूर्ति, पुनर्वास तथा जीविकोपार्जन पुनर्स्थापनाको व्यवस्था नगरी जग्गा प्राप्त गर्न सकिने छैन।" <u>उपदफा (५) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "क्षतिपूर्ति निर्धारण गर्दा जग्गाको प्रचलित बजार मूल्य, संरचना, बाली तथा उत्पादन, व्यवसायमा परेको क्षति, पुनर्वास खर्च तथा जीविकोपार्जनमा परेको प्रत्यक्ष तथा प्रमाणित अप्रत्यक्ष क्षतिसमेत मूल्याङ्कन गर्नु पर्नेछ।"
१२५.	मा. प्रा. डा. पुष्पराज कडेल	२१	<u>उपदफा (४) पछि देहायको उपदफा (४क) थप गर्नुपर्नेः-</u> "(४क) खनिज कार्यबाट प्रभावित स्थानीय समुदाय, निजी जग्गाधनी तथा स्थानीय तहसँग पूर्वसूचना, परामर्श र सामाजिक प्रभाव व्यवस्थापनको व्यवस्था गर्नुपर्छ। क्षतिपूर्ति निर्धारण गर्दा सम्पत्तिको क्षतिसँगै जीविकोपार्जनमा परेको प्रत्यक्ष असरलाई समेत आधार मानिनेछ।"
१२६.	मा. गणेश पराजुली	२१	<u>उपदफा (५) पछि देहायको उपदफा (६), (७) र (८) थप गर्नुपर्नेः-</u> "(६) निजी जग्गा प्राप्ति वा भू-बहाल गर्दा आवश्यक न्यूनतम क्षेत्र मात्र लिनु पर्नेछ र सम्भव भएसम्म स्वैच्छिक खरिद वा सहमतिलाई प्राथमिकता दिनु पर्नेछ। (७) भौतिक बसोबास हट्ने वा जीविकोपार्जनमा उल्लेखनीय असर पर्ने अवस्थामा स्वतन्त्र मूल्याङ्कन, पुनर्वास तथा जीविकोपार्जन पुनर्स्थापना योजना र गुनासो सुनुवाइ संयन्त्रबिना जग्गा हस्तान्तरण गरिने छैन।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			(८) क्षतिपूर्ति निर्धारण गर्दा जग्गा वा बालीको तत्काल मूल्य मात्र नभई प्रमाणित व्यवसाय/जीविकोपार्जन हानि, स्थानान्तरण खर्च र पुनर्स्थापना लागत समेत विचार गर्नु पर्नेछ।"
१२७.	मा. गणेश पराजुली	**दफा थप**	**<u>दफा २१ पछि देहायको दफा २१क. थप गर्नुपर्नेः-</u>** "**२१क. <u>प्रभावित समुदायको सहभागिता तथा स्थानीय लाभ योजना</u>** : (१) मझौला वा ठूला उत्खनन अनुमतिपत्र जारी गर्नुअगि प्रत्यक्ष प्रभावित समुदायलाई परियोजना, सम्भावित असर, पुनर्स्थापन, क्षतिपूर्ति र गुनासो प्रक्रियाबारे बुझिने भाषामा पूर्व जानकारी दिई अर्थपूर्ण परामर्श गर्नु पर्नेछ। (२) आदिवासी जनजाति वा परम्परागत समुदायको हकमा प्रचलित कानुन वा नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय दायित्वले आवश्यक ठहऱ्याएको अवस्थामा स्वतन्त्र, पूर्व र सूचित सहमतिको प्रक्रिया अपनाउनु पर्नेछ। (३) परियोजनाले आकार र प्रभावअनुसार स्थानीय रोजगारी तथा सीप विकास, स्थानीय खरिद, सामुदायिक पूर्वाधार/सेवा, गुनासो समाधान र अन्य प्रत्यक्ष लाभ समेटिएको स्थानीय लाभ योजना तयार गरी सार्वजनिक गर्नु पर्नेछ। (४) शेयर स्वामित्व वा अन्य वित्तीय सहभागिता भए प्रचलित कम्पनी तथा धितोपत्र कानुनबमोजिम स्वैच्छिक वा स्वीकृत योजनाअनुसार गर्न सकिनेछ।"
१२८.	मा. सुशील खड्का	**२२**	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u>** "(१) अनुमतिपत्रमा उल्लिखित क्षेत्रमा अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थबाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा तिस दिनभित्र अनुमतिपत्र जारी गर्ने निकायलाई दिनु पर्नेछ।"
१२९.	मा. नितिमा भण्डारी (कार्की)		
१३०.	मा. ई. दीपक कुमार साह	**२३**	**<u>देहायको उपदफा (५) थप गर्नुपर्नेः-</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(५) उपदफा (१) बमोजिम सहउत्पादन वा उपउत्पादन बिक्री गर्नुअगि अनुमतिपत्रप्राप्त कम्पनीले त्यस्तो सहउत्पादन वा उपउत्पादनको गुणस्तर परीक्षण गराई अनुमतिपत्र जारी गर्ने निकायबाट रोयल्टी निर्धारण गराउनु पर्नेछ।"
१३१.	मा. गणेश पराजुली	**दफा थप**	<u>दफा २३ पछि देहायको दफा २३क. र २३ख. थप गर्नुपर्नेः-</u> "**२३क. <u>खनिज पदार्थको बिक्री तथा निकासी</u>** : (१) यस ऐनबमोजिम वैध रूपमा सङ्कलित वा उत्खनन गरिएको खनिज पदार्थ प्रचलित कानुन, दफा २६ तथा रणनीतिक/सामरिक खनिजसम्बन्धी विशेष व्यवस्थाको अधीनमा रही स्वदेशमा बिक्री वा विदेशमा निकासी गर्न सकिनेछ। (२) निकासी वा थोक बिक्रीअगि खनिजको स्रोत, प्रकार, गुणस्तर, परिमाण, रोयल्टी भुक्तानी र आवश्यक प्रशोधन र मूल्य अभिवृद्धिको प्रमाण यकिन गर्नु पर्नेछ। (३) विभागले उच्च मूल्यका रत्न, क्रिस्टल र अन्य संवेदनशील खनिजका लागि स्रोत प्रमाणीकरण र ट्रेसबिलिटी प्रणाली लागु गर्न सक्नेछ। **२३ख. <u>मान्यता प्राप्त खनिज सङ्कलन तथा प्रमाणिकरण केन्द्र</u>** : (१) दफा ११क. बमोजिम सङ्कलित रत्न, अर्धरत्न वा क्रिस्टलको तौल, गुणस्तर, स्रोत प्रमाणीकरण, रोयल्टी कट्टी र वैध बजार पहुँचका लागि तोकिएको मापदण्डबमोजिम सङ्कलन तथा प्रमाणीकरण केन्द्र सूचीकृत गर्न सकिनेछ। (२) केन्द्रले सङ्कलनकर्तालाई तौल, ग्रेड र गुणस्तर, मूल्य, रोयल्टी र सेवा शुल्क खुलेको खरिद रसिद दिनु पर्नेछ। (३) केन्द्रले स्रोत र खरिदको अभिलेख राखी स्वदेशी प्रशोधन, अनुमतिप्राप्त व्यापार वा दफा २३क. बमोजिमको निकासी च्यानलमा बिक्री गर्न सक्नेछ।"
१३२.	मा. निशा डाँगी	२४	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(२) खनिज कार्यबाट भएको वातावरणीय क्षतिको रोकथाम, न्यूनीकरण, पुनर्स्थापना तथा क्षतिपूर्ति गर्ने अन्तिम जिम्मेवारी अनुमतिपत्र प्राप्त कम्पनीको हुनेछ।"
१३३.	मा. मनिष झा	२४	<u>उपदफा (१) पछि देहायको उपदफा (२), (३) र (४) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(२) खनिज कार्य सुरु गर्नुअगि अनुमतिपत्र प्राप्त कम्पनीले खानी बन्द भएपछि गरिने वातावरणीय पुनर्स्थापना तथा व्यवस्थापनसम्बन्धी योजना पेस गर्नुपर्नेछ। (३) उपदफा (२) बमोजिमको पुनर्स्थापना कार्य सुनिश्चित गर्न तोकिएबमोजिम वातावरणीय धरौटी राख्नुपर्नेछ। (४) खानी कार्य समाप्त भएपछि सम्बन्धित कम्पनीले स्वीकृत पुनर्स्थापना योजनाबमोजिम खानी क्षेत्रको वातावरणीय पुनर्स्थापना नगरेमा त्यस्तो कार्य धरौटी रकमबाट गराउन सकिनेछ।"
१३४.	मा. गणेश पराजुली	२४	<u>उपदफा (३) पछि देहायको उपदफा (४), (५), (६) र (७) थप गर्नुपर्नेः-</u> "(४) मझौला र ठूला खानीले आधाररेखा (baseline) पानीको मात्रा/गुणस्तर, धुलो, आवाज, भू-स्थिरता र जैविक अवस्थाको अभिलेख राखी सञ्चालन अवधिभर नियमित अनुगमन गर्नु पर्नेछ। (५) टेलिङ्ग्स, फोहोर ढुङ्गा, रासायनिक पदार्थ वा खानीजन्य पानीको भण्डारण/निस्कासन संरचना जोखिमअनुसार प्रमाणित प्राविधिक डिजाइन, आकस्मिक कार्ययोजना र आवधिक सुरक्षा परीक्षणबमोजिम सञ्चालन गर्नु पर्नेछ। (६) खानी बन्द नभएसम्म पर्खिनु नपरी उत्खनन सकिएको भागमा सम्भव भएसम्म क्रमिक पुनर्स्थापना (progressive rehabilitation) गर्नु पर्नेछ। (७) वातावरणीय अनुगमनको मुख्य नतिजा र गम्भीर उल्लङ्घनको सुधार अवस्था राष्ट्रिय सुरक्षा वा व्यापारिक गोपनीयता नपर्ने हदसम्म सार्वजनिक गर्नु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१३५.	मा. निशा डाँगी	**२५**	**<u>उपदफा (१) को खण्ड (ग) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u>** "तर खनिज कार्यबाट मानव जीवन, स्वास्थ्य वा सार्वजनिक सुरक्षामा गम्भीर तथा तत्कालीन जोखिम उत्पन्न भएको देखिएमा अनुमतिपत्र जारी गर्ने निकायले आवश्यक प्राविधिक जाँच सम्पन्न नभएसम्म त्यस्तो खनिज कार्यलाई तत्काल अस्थायी रूपमा रोक्न आदेश दिन सक्नेछ।"
१३६.	मा. अरबिन्द साह	**२५**	**<u>उपदफा (१) को खण्ड (घ) मा रहेका,</u>** - "उत्खनन कार्य" भन्ने शब्दहरूपछि "भूमिगत जलस्रोत सुक्ने अवस्था देखिएमा वा वार्षिक दिगो उत्खनन सीमा (ASEL) भन्दा बढी उत्खनन" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१३७.	मा. गुरु प्रसाद बराल	**२५**	**<u>उपदफा (३) मा रहेका,</u>** - "विज्ञसमेतको" भन्ने शब्दहरूका सट्टा "विज्ञ, भुगर्भविद् र खनिजविज्ञ समेतको" भन्ने शब्दहरू राख्नुपर्ने।
१३८.	मा. गणेश बहादुर विश्वकर्मा	**दफा थप**	**<u>दफा २४ पछि देहायको दफा २५ थप गरी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-</u>** "२५. **<u>खनिज पदार्थ ओसारपसार</u>** : (१) कुनै पनि प्रकारको खनिज पदार्थ ओसारपसार गर्दा तोकिएको मापदण्डका भारवहन साधनबाहेक अन्य साधन प्रयोग गर्न पाइने छैन। (२) खनिज पदार्थ ओसार पसार गर्दा नेपाल सरकारले तोकेको समयमा मात्र ओसार पसार गर्न पाइनेछ। (३) खनिज पदार्थ ओसारपसार गर्नका लागि तोकिएको मार्ग मात्र प्रयोग गर्न पाइने छ र खनिज पदार्थ ओसार पसार गर्ने भार वहन साधनका कारण कुनै सडक क्षतिग्रस्त भएमा सम्बन्धित खनिज पदार्थ ओसारपसारकर्ताले अविलम्ब उक्त सडकको मर्मतसम्भार गर्नु पर्नेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			(४) सडक किनारका स्थानीय वासिन्दा, विद्यालय र स्वास्थ्य चौकी, आधारभूत सेवा प्रवाह गर्ने निकायका कार्यालय, खेतिपाती, घाँस तथा चरन क्षेत्र, खानेपानी तथा सिँचाइ, धार्मिक एवं सांस्कृतिक सम्पदा आदि जनताको दैनिक जीवनसँग सम्बन्धित कार्यमा प्रभाव नपार्ने गरी मात्र खनिज पदार्थ ओसारपसार गर्नु पर्नेछ। (५) खनिज पदार्थ ओसारपसार गर्ने भारवहन साधन सञ्चालनका लागि अनुमतिपत्रवालाले कम वातावरणीय क्षति हुने किसिमका वैकल्पिक साधन र वैकल्पिक मार्ग प्रयोग गर्न प्राथमिकता दिनु पर्नेछ।"
१३९.	मा. गणेश बहादुर विश्वकर्मा	२६	**<u>दफा २६ को सट्टा देहायको दफा २६ राख्नुपर्ने:-</u>** "२६. **<u>रोक लगाउन सक्ने</u>** : (१) साधारण निर्माणमुखी खनिज पदार्थ र प्रशोधन नगरी कुनै पनि खनिज पदार्थ निर्यात गर्न पाइने छैन। **<u>स्पष्टीकरण</u>** : प्रशोधन भन्नाले खजिज पदार्थबाट उत्पादित वस्तु उपभोक्ताले अन्तिम रुपमा प्रयोग गर्न मिल्नेगरी उत्पादन गरिएको अवस्थालाई जनाउँदछ। (२) राष्ट्रिय सुरक्षा र हित प्रतिकूल हुने, वातावरणीय जोखिम सृजना हुने वा आन्तरिक मागको व्यवस्थापन गर्न कठिनाई उत्पन्न हुने अवस्था भएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित अवधिका लागि कुनै पनि प्रशोधित वा अर्धप्रशोधित खनिज पदार्थको निकासी वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ।"
१४०.	मा. कृपाराम राना मा. साजिदा खातुन सिद्धिकी	२६	**<u>दफा २६ मा रहेका,</u>** - "निश्चित अवधिको लागि" भन्ने शब्दहरूपछि "त्यस्तो रोक लगाउँदा नेपाल सरकारले रोक लगाउनु पर्ने कारण, रोक लगाइने खनिज पदार्थ, लागु हुने क्षेत्र, अवधि स्पष्ट रूपमा खुलाउनु

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			पर्नेछ। यस्तो रोक आवश्यकताभन्दा बढी अवधिसम्म कायम राख्न पाइने छैन र रोकको आवश्यकता कायम रहे नरहेको सम्बन्धमा समय समयमा पुनरावलोकन गर्नु पर्नेछ।" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१४१.	मा. गणेश पराजुली	२६	**<u>दफा २६ को दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२), (३) र (४) थप गर्नुपर्नेः-</u>** "(२) नेपाल सरकारले कुनै महत्त्वपूर्ण वा रणनीतिक खनिजको कच्चा निकासीमा न्यूनतम प्रशोधन वा मूल्य अभिवृद्धि सर्त लगाउनु अगि भण्डार, स्वदेशी माग, स्वदेशी प्रशोधन क्षमता, रोजगारी, निर्यात प्रतिस्पर्धा, ऊर्जा र पानी उपलब्धता र वातावरणीय लागतको अध्ययन गर्नु पर्नेछ। (३) उपदफा (२) बमोजिमको सर्त खनिज विशेष, समयबद्ध र सार्वजनिक कारणसहित राजपत्रमा तोकिनेछ, स्वदेशमा व्यावहारिक प्रशोधन क्षमता नभएमा निश्चित अवधि वा परिमाणका लागि ससर्त छुट दिन सकिनेछ। (४) ढुङ्गा, गिट्टी, बालुवा वा ग्राभेलको निकासी अनुमति दिनुअगि स्वदेशी आपूर्ति, नदी/भू-स्थिरता, पानीका स्रोत, विपद् जोखिम, जैविक विविधता र सीमापार प्रभावको समष्टिगत वैज्ञानिक मूल्याङ्कन गर्नु पर्नेछ।"
१४२.	मा. हर्क राज राई मा. पूर्ण प्रसाद लिम्बु	२७	**<u>उपदफा (१) मा रहेका,</u>** - "जाँचबुझ गर्न विभागले" भन्ने शब्दहरूपछि "स्थानीयहरूलाई समेत समावेश गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१४३.	मा. गुरु प्रसाद बराल	२७	**<u>उपदफा (१) मा रहेका,</u>** - "आवश्यक सङ्ख्यामा" भन्ने शब्दहरूपछि "खनिजविज्ञ र भू-गर्भविद्" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१४४.	मा. गणेश पराजुली	२७	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u> "(२) निरीक्षकले परिचयपत्र देखाई निरीक्षणको आधार, देखिएको अवस्था, आवश्यक सुधार र समयसीमा उल्लेख भएको लिखित वा विद्युतीय निरीक्षण प्रतिवेदन सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ।" <u>देहायको उपदफा (३) र (४) थप गर्नुपर्नेः-</u> "(३) तत्काल जनजीवन वा गम्भीर वातावरणीय जोखिमको अवस्था बाहेक मौखिक निर्देशनका आधारमा दीर्घकालीन रोक्का, जफत वा दण्डात्मक कारबाही गर्न पाइने छैन। (४) निरीक्षकले आफ्नो प्रत्यक्ष निजी हित वा हितको द्वन्द्व भएको खानीको निरीक्षण गर्न पाउने छैन, निरीक्षण प्रतिवेदन विभागको अभिलेख प्रणालीमा राख्नु पर्नेछ।"
१४५.	मा. गुरु प्रसाद बराल	२८	<u>उपदफा (१) मा रहेका,</u> - "आवश्यक समन्वय गर्न सक्नेछ" भन्ने शब्दहरूका सट्टा "आवश्यक समन्वय गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
१४६.	मा. डा. धनन्जय रेग्मी	२९	<u>उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राख्नुपर्नेः-</u> "(२) खनिज कार्यको अनुमतिपत्र प्राप्त कम्पनीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको नब्बे दिनभित्र खनिज कार्य सम्बन्धी वार्षिक प्रतिवेदन अनुमतिपत्र जारी गर्ने निकायमा पेस गर्नु पर्नेछ। (३) उत्खनन अनुमतिपत्र प्राप्त कम्पनीले खनिज कार्य सम्पन्न भएको दुई वर्षभित्र स्वीकृत कार्ययोजना बमोजिम उत्खनन क्षेत्रको भौतिक पुनर्स्थापना गरी त्यस्तो खनिज कार्यको सम्बन्धमा एकीकृत अन्तिम प्रतिवेदन अनुमतिपत्र जारी गर्ने निकायमा पेस गर्नु पर्नेछ।"
१४७.	मा. भरत प्रसाद पराजुली		
१४८.	मा. बासना थापा मा. जयपती रोकाया	२९	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
	मा. रीना उप्रेती (के.सी.)		"(३) खनिज कार्य सम्पन्न वा बन्द भएपछि अनुमतिप्राप्त व्यक्तिले दफा १४ को उपदफा (१) को खण्ड (ग) बमोजिम स्वीकृत खानी बन्द तथा वातावरणीय पुनर्स्थापना योजनाबमोजिम उत्खनन क्षेत्रको भौतिक, जैविक तथा वातावरणीय पुनर्स्थापना गर्नु पर्नेछ।"
१४९.	मा. अरबिन्द साह	२९	**<u>उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्नेः-</u>** "(१क) नदीजन्य खनिज उत्खनन स्थलमा जिपिएस जिओ-फेन्सिङ (GPS Geo-fencing), डिजिटल तौलपुल (Digital Weighbridge) र सिसिटिभी जडान गरी डिजिटल उत्पादनको अभिलेख राख्नु पर्नेछ।" **<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u>** "(३) नदीजन्य उत्खनन कार्य सम्पन्न भएपछि प्रत्येक वर्ष वर्षायाम सुरु हुनु अगावै (ज्येष्ठ मसान्तभित्र) नदी सतहको सम्याउने (Bed-leveling) कार्य अनिवार्य सम्पन्न गर्नु पर्नेछ।"
१५०.	मा. गणेश बहादुर विश्वकर्मा	२९	**<u>देहायको उपदफा (६) र (७) थप गर्नुपर्नेः-</u>** "(६) खानी तथा खनिज कार्यको अनुमति प्रदान गर्ने निकायले अनुमति प्रणाली र अनुमति प्रदानसम्बन्धी तोकिए बमोजिमका सम्पूर्ण विवरण समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ। (७) खानी तथा खनिज उद्योगहरूले आफूले वर्षभरी सम्पन्न गरेका कार्यहरूको विवरणसहितको प्रगति प्रतिवेदन तयार गरी उक्त प्रतिवेदन आफ्नो वेबसाइटमा राख्नु पर्नेछ।"
१५१.	मा. सुशील खड्का	२९	**<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u>** "(२) खनिज कार्यको अनुमतिपत्र प्राप्त कम्पनीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको खनिज कार्य सम्बन्धी वार्षिक प्रतिवेदन अनुमतिपत्र जारी गर्ने निकायमा पेस गर्नु पर्नेछ।"
१५२.	मा. सुशील खड्का	२९	**<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१५३.	मा. नितिमा भण्डारी (कार्की)		"(३) उत्खनन अनुमतिपत्र प्राप्त कम्पनीले खनिज कार्य गर्नु अगावै "खानी बन्द योजना" (Closure Plan) स्वीकृत गराउनु पर्नेछ र त्यसको आधारमा उत्खनन क्षेत्रको भौतिक पुनःस्थापना गरी एकीकृत अन्तिम प्रतिवेदन पेस गर्नु पर्नेछ।"
१५४.	मा. गणेश पराजुली	२९	**<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u>** "(३) उत्खनन समाप्त भएको वा क्षेत्र परित्याग गरेको एक वर्षभित्र स्वीकृत खानी बन्द तथा पुनर्स्थापना योजनाबमोजिम भौतिक, जैविक र पारिस्थितिक पुनर्स्थापना गरी जोखिमअनुसार स्वतन्त्र प्राविधिक परीक्षणसहित एकीकृत अन्तिम प्रतिवेदन पेस गर्नु पर्नेछ। पुनर्स्थापना सन्तोषजनक प्रमाणित भएपछि मात्र दफा ५१ बमोजिमको बन्धपत्र फुकुवा हुनेछ।" **<u>देहायको उपदफा (६) थप गर्नुपर्नेः-</u>** "(६) विभागले वार्षिक प्रतिवेदनबाट उत्पादन, रोयल्टी, दुर्घटना, वातावरणीय अनुपालन र पुनर्स्थापना प्रगतिसम्बन्धी गैर-गोप्य समष्टिगत विवरण वार्षिक रूपमा सार्वजनिक गर्नेछ।"
१५५.	मा. संतोष सुब्बा मा. प्रकाश सिंह कार्की मा. शाहजान खातुन	**दफा थप**	**<u>दफा २९ पछि देहायको दफा ३० थप गरी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-</u>** "**३०. <u>खानी बन्दपछिको अनुगमन</u>** : (१) खानीसम्बन्धी कार्य सम्पन्न वा बन्द भएपछि अनुमतिपत्रप्राप्त व्यक्तिले कम्तीमा पाँच वर्षसम्म पानीको गुणस्तर, भूस्थायित्व तथा वातावरणीय अवस्थाको अनुगमन गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिम गरिएको अनुगमनको वार्षिक प्रतिवेदन अनुमतिपत्र जारी गर्ने निकायमा पेस गर्नु पर्नेछ। (३) प्राविधिक अध्ययनबाट वातावरणीय जोखिम कायम रहेको देखिएमा तोकिएबमोजिम थप अवधिसम्म अनुगमन तथा पुनर्स्थापना कार्य गर्नु पर्नेछ।"
१५६.	मा. लक्ष्मी प्रसाद पोखरेल	३०	**<u>देहायको उपदफा (५) थप गर्नुपर्नेः-</u>** "(५) रेडियोधर्मी खनिज पदार्थको अन्वेषण, उत्खनन र प्रयोग गर्ने अधिकार पूर्ण रूपमा नेपाल सरकारलाई मात्र हुनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१५७.	मा. राजन गौतम	३०	<u>उपदफा (१), (२), (३) र (४) को सट्टा देहायको उपदफा (१), (२), (३) र (४) राख्नुपर्नेः-</u> "(१) रेडियोधर्मी खनिज पदार्थको अन्वेषण, उत्खनन तथा खनिज कार्य नेपाल सरकारको प्रत्यक्ष नियन्त्रणमा हुनेछ। (२) नेपाल सरकारले उपदफा (१) बमोजिमको खनिज कार्य प्रचलित सुरक्षा मापदण्ड पूरा गरी विभाग वा नेपाल सरकारको पूर्ण स्वामित्वको कम्पनीमार्फत गराउन सकिनेछ। (३) उपदफा (२) बमोजिम खनिज कार्यको लागि यस ऐन बमोजिम विभागबाट अनुमतिपत्र लिनुअगि रेडियोधर्मी पदार्थ नियमनसम्बन्धी प्रचलित कानुनबमोजिम नियमनकारी निकायको पूर्वस्वीकृति लिनु पर्नेछ। (४) रेडियोधर्मी खनिज पदार्थको नियमन, सुरक्षा र वातावरणीय संरक्षणसम्बन्धी व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ।"
१५८.	मा. परशुराम तामाङ्ग	३१	<u>देहायको खण्ड (ञ) थप गर्नुपर्नेः-</u> "(ञ) आदिवासी तथा स्थानीय समुदायको स्वतन्त्र, पूर्व, सुसूचित सहमतिपत्र।"
१५९.	मा. गोपाल शर्मा	३२	<u>दफा ३२ मा रहेका,</u> - "क्षेत्रलाई आफ्नो नियन्त्रणमा" भन्ने शब्दहरूपछि रहेका "लिनुपर्ने भए" भन्ने शब्दहरू झिक्नुपर्ने।
१६०.	मा. रमेश कुमार मल्ल		
१६१.	मा. गणेश कार्की	३२	<u>दफा ३२ को दफा देहायको दफा ३२ राख्नुपर्नेः-</u> "३२. <u>जानकारी दिनुपर्ने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खनिज कार्य गर्दा रणनीतिक वा सामरिक महत्त्वको खनिज पदार्थ वा रेडियोधर्मी खनिज पदार्थ फेला परेमा उत्खनन तत्काल रोकी त्यस्तो खनिज पदार्थको सम्बन्धमा सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले विभागलाई तुरुन्त जानकारी दिनु पर्नेछ र विभागले सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीसँग समन्वय गरी त्यस्तो क्षेत्रलाई आफ्नो नियन्त्रणमा लिनुपर्ने भए लिई सोको जानकारी तुरुन्त मन्त्रालयमा दिनु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१६२.	मा. गोपाल शर्मा	३३	<u>दफा ३३</u> झिक्नुपर्ने।
१६३.	मा. रमेश कुमार मल्ल		
१६४.	मा. गुरु प्रसाद बराल	३३	<u>उपदफा (१) मा देहायको खण्ड (घ) थप गर्नुपर्नेः-</u> "(घ) खानी अन्वेषण र विकासका लागि चलिरहेका खानीहरूबाट तोकिए अनुसारको राजस्व लिई खानी विकास कोष स्थापना गरी खनिज अन्वेषण र विकास सम्बन्धी कार्य गरिनेछ।"
१६५.	मा. गणेश पराजुली	३३	<u>उपदफा (१) को खण्ड (ग) पछि देहायका खण्ड (घ), (ङ) र (च) थप गर्नुपर्नेः-</u> "(घ) आधार धातु, बहुमूल्य तथा महत्त्वपूर्ण खनिज, रेयर अर्थ तत्व र राष्ट्रिय अर्थतन्त्रका लागि महत्त्वपूर्ण खनिजको देशव्यापी व्यवस्थित अन्वेषण, स्रोत/भण्डार अनुमान र सम्भाव्यता प्राथमिकता निर्धारण गर्ने। (ङ) सरकारी खर्चमा प्राप्त भूगर्भीय, भू-भौतिक, भू-रासायनिक तथा खनिज तथ्याङ्कलाई मानकीकृत डिजिटल स्वरूपमा सुरक्षित राख्ने। (च) राष्ट्रिय सुरक्षा, संवेदनशील स्थान वा वैध व्यापारिक गोपनीयताबाहेक आधारभूत भू-गर्भीय र पुराना सार्वजनिक अन्वेषण तथ्याङ्क चरणबद्ध रूपमा सार्वजनिक पहुँचमा उपलब्ध गराउने।"
१६६.	मा. डा. प्रमिला कुमारी गछदार	३४	<u>उपदफा (१) मा रहेका,</u> - "प्रयोगशाला स्थापना गर्न सक्नेछ" भन्ने शब्दहरूका सट्टा "प्रयोगशाला स्थापना गरी स्वदेशी विश्वविद्यालयहरूसँग अध्ययन अनुसन्धानमा सहकार्य गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
१६७.	मा. सागर ढकाल	३६	<u>देहायका व्यवस्था थप गर्नुपर्नेः-</u> - "खानी उद्योगले नै कोष जम्मा गर्ने गरी व्यवस्थित अन्वेषण कोष स्थापना गरिनुपर्ने।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१६८.	मा. डा. प्रमिला कुमारी गछदार	३७	<u>उपदफा (२) मा रहेका,</u> - "विदेश लैजानुपर्ने भए" भन्ने शब्दहरूका सट्टा "स्वदेशमा रहेको राष्ट्रिय प्रयोगशालामा सम्भव नभएमा मात्र विभागको पूर्व स्वीकृति लिई विदेश लैजानुपर्ने भए" भन्ने शब्दहरू राखुपर्ने।
१६९.	मा. डा. धनन्जय रेग्मी	३८	<u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखुपर्नेः-</u> "(५) उपदफा (१) बमोजिम बिगो कायम गर्दा सम्बन्धित खनिज पदार्थको तोकिएको रोयल्टी बराबरको रकम र उपदफा (३) र (४) बमोजिम बिगो कायम गर्दा सम्बन्धित खनिज पदार्थको प्रचलित बजार मूल्य बराबरको रकम बिगोवापत कायम गर्नु पर्नेछ।"
१७०.	मा. बिधुशी राणा		
१७१.	मा. भरत प्रसाद पराजुली		
१७२.	मा. संतोष सुब्वा मा. प्रकाश सिंह कार्की मा. शाहजान खातुन	३८	<u>उपदफा (१), (३), (४), (६) र (७) मा रहेको,</u> - "महानिर्देशकले" भन्ने शब्दको सट्टा "दफा ३९ बमोजिमको समितिले" भन्ने शब्दहरू राखुपर्ने। <u>उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखुपर्नेः-</u> "(७) यस ऐनबमोजिम खनिज कार्य सञ्चालन भइरहेको अवस्थामा कसैले जानीजानी त्यस्तो कार्यमा प्रत्यक्ष भौतिक अवरोध पुऱ्याएमा वा खनिज कार्यसँग सम्बन्धित सम्पत्तिमा क्षति पुऱ्याई त्यस्तो कार्य रोक्ने कार्य गरेमा यस ऐनबमोजिम जरिबाना गर्न सकिनेछ। तर संविधानबमोजिम शान्तिपूर्ण रूपमा सभा, जुलुस, प्रदर्शन वा विरोध गर्न पाउने अधिकारको प्रयोगलाई यस उपदफाबमोजिमको कसुर मानिने छैन।"
१७३.	मा. सुशील खड्का	३८	<u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(५) उपदफा (१) बमोजिम बिगो कायम गर्दा तोकिएको रोयल्टी बराबरको रकम र उपदफा (३) र (४) बमोजिम बिगो कायम गर्दा प्रचलित बजार मूल्य बराबरको दुई गुणा रकम बिगो वापत कायम गर्नुपर्ने।"
१७४.	मा. गुरु प्रसाद बराल	**३८**	**<u>उपदफा (३) मा रहेका,</u>** - "उत्खनन कार्य गरेमा महानिर्देशकले" भन्ने शब्दहरूपछि "संस्थागत निर्णय गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१७५.	मा. गणेश पराजुली	**३८**	**<u>उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखुपर्नेः-</u>** "(७) कसैले बल, धम्की, जबरजस्ती, गैरकानूनी नाकाबन्दी वा अन्य गैरकानूनी माध्यमबाट वैध खनिज कार्य वा वैध ओसारपसारमा अवरोध गरेमा अवरोधले सिर्जना गरेको क्षति बराबर जरिबाना गर्न सकिनेछ तर खानीबाट सिर्जित समस्या विरुद्ध अभिव्यक्ति, सभा, गुनासो, न्यायिक उपचार वा वैध श्रमिक गतिविधिलाई अवरोध मानिने छैन।" **<u>देहायको उपदफा (११) र (१२) थप गर्नुपर्नेः-</u>** "(११) बदनियत, अनुचित आर्थिक लाभ, राजस्व हानि वा वातावरणीय/सुरक्षा क्षति नभएको अभिलेखीय, गणनागत वा लिपिकीय त्रुटि लिखित सूचना पाएको पन्ध्र दिनभित्र सच्याएमा त्यस्तो त्रुटिलाई मात्र आधार मानी जरिबाना गरिने छैन। (१२) जरिबाना निर्धारण गर्दा उल्लङ्घनको गम्भीरता, बदनियत/लापरवाही, अनुचित लाभ, वास्तविक क्षति, सुधारात्मक कदम र पुनरावृत्ति विचार गर्नु पर्नेछ।"
१७६.	मा. संतोष सुब्वा	**दफा थप**	**<u>दफा ३८ पछि देहायको दफा ३९ थप गरी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
	मा. प्रकाश सिंह कार्की मा. शाहजान खातुन		"३९. <u>खनिज प्रशासनिक न्याय निरूपण समिति</u> : (१) यस ऐनबमोजिम हुने प्रशासनिक जरिबाना निर्धारण गर्ने प्रयोजनका लागि नेपाल सरकारले एक खनिज प्रशासनिक न्याय निरूपण समिति गठन गर्नेछ। (२) समितिमा कानुनको क्षेत्रमा अनुभव प्राप्त एक जना अध्यक्ष, खानी तथा भूगर्भसम्बन्धी विषयको विज्ञ एक जना र वातावरण तथा खनिज व्यवस्थापनसम्बन्धी विषयको विज्ञ एक जना रहने छन्। (३) समितिले दण्ड निर्धारण गर्नु अगि सम्बन्धित पक्षलाई आरोप तथा आधारको जानकारी दिई सफाइ पेस गर्ने उचित मौका दिनु पर्नेछ।"
१७७.	मा. गंगालक्ष्मी अवाल	४०	<u>उपदफा (२) मा रहेका,</u> - "पच्चिस लाख रूपैयाँदेखि एक करोड रूपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "पाँच लाख रूपैयाँदेखि पच्चिसलाख रूपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राख्नुपर्ने।
१७८.	मा. लिमा अधिकारी (आचार्य)	४०	<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्नेः-</u> "(४) दफा ३० विपरीत खनिज कार्य गरे वा गराएमा सो गर्ने गराउने व्यक्तिलाई पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना र तीन वर्षदेखि पाँच वर्षसम्म कैद सजाय हुनेछ।"
१७९.	मा. डा. धनन्जय रेग्मी	४०	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u> "(२) ऐन विपरीत खनिज कार्य गर्ने वा गराउने व्यक्तिलाई महानिर्देशकले अन्वेषण कार्यको हकमा एक हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना र उत्खनन कार्यको हकमा खनिज पदार्थको प्रकृति तथा परिमाणको आधारमा त्यसरी उत्खनन गरेको खनिज पदार्थको बिगो कायम हुन सक्नेमा बिगो कायम

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१८०.	मा. भरत प्रसाद पराजुली		गरी बिगो तथा बिगो रकम बराबरको जरिबाना र बिगो कायम हुन नसक्नेमा दुई लाख रुपैयाँदेखि पन्ध्र लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।" **<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u>** "(३) उपदफा (२) बमोजिम बिगो कायम गर्दा सम्बन्धित खनिज पदार्थको प्रचलित बजार मूल्य बराबरको बिगो कायम गर्नु पर्नेछ।"
१८१.	मा. डा. धनन्जय रेग्मी	४०	**<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्नेः-</u>** "(४) उपदफा (१) र (२) बमोजिमको कसुरसम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार सम्बन्धित जिल्लाको जिल्ला अदालतलाई हुनेछ।"
१८२.	मा. संतोष सुब्वा मा. प्रकाश सिंह कार्की मा. शाहजान खातुन	४०	**<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्नेः-</u>** (४) दफा ३० विपरीत जानीजानी खनिज कार्य सञ्चालन गर्दा मानिसको ज्यान, स्वास्थ्य वा वातावरणमा गम्भीर क्षति पुऱ्याएमा त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थाको जिम्मेवार पदाधिकारीलाई प्रचलित कानुनबमोजिम फौजदारी कारबाही हुनेछ।"
१८३.	मा. बिधुशी राणा	४०	**<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u>** "(३) उपदफा (२) बमोजिम बिगो कायम गर्दा सम्बन्धित खनिज पदार्थको प्रचलित बजार मूल्य बराबरको बिगो कायम गर्नु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१८४.	मा. सुशील खड्का	४०	<u>उपदफा (२), (३) र (४) को सट्टा देहायका उपदफा (२) र (३) र (४) राख्नुपर्नेः-</u> "(२) उपदफा (१) विपरीत खनिज कार्य गर्ने वा गराउने व्यक्तिलाई महानिर्देशकले अन्वेषण कार्यको हकमा एक देखि पाँच लाख रूपैयाँसम्म जरिबाना र उत्खनन कार्यको हकमा खनिज पदार्थको प्रकृति तथा परिमाणको आधारमा त्यसरी उत्खनन गरेको खनिज पदार्थको बिगो कायम हुन सक्नेमा बिगो कायम गरी बिगो तथा बिगो रकम बराबरको जरिबाना र बिगो कायम हुन नसक्नेमा पच्चिस लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ। (३) उपदफा (२) बमोजिम बिगो कायम गर्दा सम्बन्धित खनिज पदार्थको प्रचलित बजार मूल्यको दुई गुणा बराबरको रकम बिगो कायम गर्नु पर्नेछ। (४) दफा ३० विपरीत खनिज कार्य गरे वा गराएमा सो गर्ने वा गराउने व्यक्तिलाई पाँच लाख रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिबाना हुनेछ।"
१८५.	मा. नितिमा भण्डारी (कार्की)		
१८६.	मा. गणेश कार्की	४०	<u>उपदफा (४) लाई खण्ड (क) कायम गरी देहायको खण्ड (ख) थप गर्नुपर्नेः-</u> "(ख) दफा ३२ अनुसार जानकारी नदिई खनिज कार्य नियमित वा सुरुवात गरे वा गराएमा सो गर्ने वा गराउने व्यक्तिलाई पाँच लाख रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना र पाँच बर्षदेखि दश बर्षसम्म कैद सजाय हुनेछ।"
१८७.	मा. गणेश पराजुली	४०	<u>उपदफा (४) पछि देहायको उपदफा (५), (६) र (७) थप गर्नुपर्नेः-</u> "(५) दफा ११क. बमोजिम अनुमति लिन योग्य न्यून-जोखिमको सतही सङ्कलन कुनै व्यक्तिले पहिलो पटक अनुमति नलिई गरेको र भारी यन्त्र, विस्फोटक, संरक्षित र निषेधित क्षेत्र, तस्करी, राजस्व

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			छल वा उल्लेखनीय वातावरणीय क्षति संलग्न नभएको अवस्थामा उपदफा (२) को सामान्य अवैध उत्खनन जरिबाना तत्काल लागु गरिने छैन। (६) त्यस्तो व्यक्तिलाई तिस दिनभित्र दर्ता र अनुमति लिन, सङ्कलित परिमाण घोषणा गर्न र लागु रोयल्टी/प्रशासनिक शुल्क बुझाउन लिखित अवसर दिइनेछ। पालना गरे पहिलो पटक चेतावनीमा छाड्न सकिनेछ, पुनः उल्लङ्घनमा तोकिएको अनुपातिक जरिबाना लाग्नेछ। (७) संगठित वा ठूलो परिमाणको अवैध उत्खनन, यान्त्रिक र विस्फोटक प्रयोग, तस्करी, संरक्षित क्षेत्रमा उत्खनन वा राजस्व छलमा यो सुविधा लागु हुने छैन।"
१८८.	मा. डा. प्रमिला कुमारी गछदार	४१	**<u>उपदफा (१) को अन्त्यमा रहेका,</u>** - "जफत हुनेछ" भन्ने शब्दहरूपछि "र वातावरणीय क्षति पुऱ्याएको भए सोको पुनर्स्थापना (Restoration) शुल्क असुल गरिने छ।" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१८९.	मा. गणेश पराजुली	४१	**<u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्नेः-</u>** "(३) दफा ४० को उपदफा (५) र (६) बमोजिम पहिलो पटकको न्यून-जोखिम सतही सङ्कलनको अवस्थामा व्यक्तिगत प्रयोगका सामान्य हातओजार जफत गरिने छैन, अवैध रूपमा सङ्कलित खनिजको व्यवस्थापन भने तोकिएबमोजिम हुनेछ।"
१९०.	मा. भरत प्रसाद पराजुली	४२	**<u>दफा ४० को दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप गर्नुपर्नेः-</u>** "(२) उपदफा (१) बमोजिमको कसुरसम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार सम्बन्धित जिल्लाको जिल्ला अदालतलाई हुनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
१९१.	मा. लिमा अधिकारी (आचार्य)	४३	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> "(१) यस ऐनबमोजिम खनिज कार्य गर्दा वा दफा ४० बमोजिम कसुर हुने कुनै कार्यबाट कसैको निजी सम्पत्तिमा क्षति पुगेमा सम्बन्धित व्यक्तिले तिस दिनभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन भएको समिति समक्ष निवेदन दिनु पर्नेछ।" <u>उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्नेः-</u> "(१क) समितिको गठन र बैठक सञ्चालन प्रक्रिया तोकिए बमोजिम हुनेछ।"
१९२.	मा. गणेश पराजुली	४३	<u>उपदफा (१) मा रहेका,</u> - "तिस दिनभित्र" भन्ने शब्दहरूका सट्टा "क्षति भएको वा पीडितले क्षतिको कारण र प्रकृतिबारे यथार्थ जानकारी प्राप्त गरेको मितिले एक वर्षभित्र, निरन्तर प्रकृतिको प्रदूषण, भू-धसावट वा पानीको स्रोतमा परेको असरको हकमा त्यस्तो क्षति जारी रहेसम्म" भन्ने शब्दहरू राख्नुपर्ने।
१९३.	मा. पूनम कुमारी अग्रवाल	४६	<u>उपदफा (१) मा रहेका,</u> - "आफ्नो कम्पनीको" भन्ने शब्दहरूपछि "५० प्रतिशत वा सोभन्दा बढी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१९४.	मा. डा. धनन्जय रेग्मी	४६	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> "(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम अनुमतिपत्रप्राप्त कम्पनीले आफ्नो कम्पनीको सेयर वा स्वामित्व बिक्री वा कुनै तरिकाले कसैलाई हस्तान्तरण गरेमा वा त्यस्तो कम्पनीको नाम परिवर्तन गरेमा अनुमतिपत्र जारी गर्ने निकायलाई सोको जानकारी दिनु पर्नेछ।"
१९५.	मा. बिधुशी राणा		
१९६.	मा. भरत प्रसाद पराजुली	४६	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम अनुमतिपत्रप्राप्त कम्पनीले आफ्नो कम्पनीको सेयर वा स्वामित्व बिक्री वा कुनै तरिकाले कसैलाई हस्तान्तरण गरेमा वा त्यस्तो कम्पनीको नाम परिवर्तन गरेमा वा भएमा उक्त कार्य सम्पन्न भएको ४५ दिन भित्र अनुमतिपत्र जारी गर्ने निकायलाई जानकारी गराउनु पर्नेछ।"
१९७.	मा. गोपाल शर्मा	४७	<u>उपदफा (४) पछि देहायको उपदफा (५) थप गर्नुपर्नेः-</u> "(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्रको नामसारी एक पटक भन्दा बढी गरिने छैन।"
१९८.	मा. रमेश कुमार मल्ल		
१९९.	मा. बर्षमान पुन		
२००.	मा. मनिष झा	४७	<u>उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> "तर, नामसारी स्वीकृत गर्नु अगि प्राप्तकर्ता कम्पनीको प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता पुनः परीक्षण, कर/राजस्व दायित्व चुक्ता भएको प्रमाण, वास्तविक लाभग्राही (Beneficial Owner) को विवरण र अनुमतिपत्रका मूल सर्तमा प्रतिकूल असर नपर्ने सुनिश्चितता अनिवार्य गर्ने।"
२०१.	मा. मनिष झा	४८	<u>उपदफा (१) पछि देहायको उपदफा (२) र (३) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(२) विभागले खनिज उत्खननको परिमाण, बिक्री तथा निकासीको विवरण विद्युतीय प्रणालीबाट अभिलेख हुने व्यवस्था गर्नु पर्नेछ। (३) ठूला खानी परियोजनाको उत्पादन तथा रोयल्टीसम्बन्धी विवरणको स्वतन्त्र लेखापरीक्षण कम्तीमा प्रत्येक आर्थिक वर्षमा एक पटक गराउनु पर्नेछ।"
२०२.	मा. गणेश पराजुली	४८	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(२) जोखिमको स्तरअनुसार भू-उपग्रह चित्र, ड्रोन, रिमोट सेन्सिङ, जीआईएस, विद्युतीय तौल, जीपीएस तथा विद्युतीय उत्पादन/निकासी विवरणबाट अनुगमन गर्न सकिनेछ। ठूला तथा उच्च वातावरणीय जोखिम भएका खानीमा उपयुक्त डिजिटल अनुगमन अनिवार्य गर्न सकिनेछ।" **<u>देहायको उपदफा (३) थप गर्नुपर्नेः-</u>** "(३) विभागले अनुमतिपत्र, उत्पादन, रोयल्टी, प्रमुख अनुपालन अवस्था र रोक्का/रद्द निर्णयको केन्द्रीय डिजिटल अभिलेख राखी कानुनले गोप्य राख्नुपर्ने विवरणबाहेक सार्वजनिक ड्यासबोर्डमा समष्टिगत विवरण उपलब्ध गराउनेछ।"
२०३.	मा. डा. प्रमिला कुमारी गछदार	४९	**<u>दफा ४९ को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u>** - "यसरी अध्ययन गराउँदा विदेशी कम्पनी भए स्वदेशी जनशक्ति र प्रविधि हस्तान्तरण (Technology Transfer) को सर्त अनिवार्य गरिने छ।"
२०४.	मा. डा. धनन्जय रेग्मी	५०	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u>** "(१) भू-बहाल केवल सक्रिय उत्खनन-अनुमतिपत्रको क्षेत्रफलमा मात्र लाग्ने व्यवस्था गर्नुपर्छ। ठूलो अनुमति क्षेत्रको उत्खननको क्रमिक विकासका लागि तहगत बहाल दर तोक्नुपर्छ।"
२०५.	मा. भरत प्रसाद पराजुली	५०	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u>** "(१) अनुसूची-५ बमोजिम अनुमती प्राप्त कम्पनीले खनिज कार्य गर्दा अनुमतिपत्रमा उल्लेखित भू-बहाल केवल उत्खनन अनुमतिपत्रमा उल्लिखित सक्रिय क्षेत्रभित्र पर्ने जग्गाको मात्र प्रत्येक आर्थिक वर्षको लागि भू-बहाल बुझाउनु पर्नेछ। ठूलो अनुमति क्षेत्रको उत्खननको क्रमिक विकासका लागि तहगत बहाल दर तोक्नुपर्छ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
२०६.	मा. गणेश कार्की	५०	<u>दफा ५० को दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१)</u> कायम गर्नुपर्ने।
२०७.	मा. संतोष सुब्वा मा. प्रकाश सिंह कार्की मा. शाहजान खातुन	५१	<u>दफा ५१ को सट्टा देहायको दफा ५१ राख्नुपर्नेः-</u> "५१. <u>वातावरणीय पुनर्स्थापना धरौटी</u> : (१) उत्खनन अनुमतिप्राप्त व्यक्तिले दफा १४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको खानी बन्द तथा वातावरणीय पुनर्स्थापना योजना उल्लेख गरे अनुसारको अनुमानित पुनर्स्थापना लागतका आधारमा तोकिएबमोजिम वातावरणीय पुनर्स्थापना धरौटी राख्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको धरौटीको रकम प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।"
२०८.	मा. मनिष झा	५१	<u>दफा ५१ मा रहेका,</u> - "अनुसूची-३ बमोजिमको धरौटी" भन्ने शब्दहरूपछि "तथा परियोजनाको प्रकृति, आकार, अनुमानित उत्पादन, जोखिम र सम्भावित वातावरणीय क्षतिको लागतका आधारमा निर्धारण हुने वातावरणीय पुनर्स्थापना वित्तीय प्रत्याभूति" भन्ने शब्दहरू थप गर्नुपर्ने। <u>सोही दफामा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "अनुमतिपत्रको सामान्य धरौटी र पुनर्स्थापना वित्तीय प्रत्याभूतिलाई छुट्टाछुट्टै अभिलेख गर्ने।"
२०९.	मा. प्रा. डा. पुष्पराज कडेल	५१	<u>दफा ५१ को दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप गर्नुपर्नेः-</u> "(२) धरौटीको निश्चित हिस्सा खानी बन्द, वातावरणीय पुनस्थापना, भू-क्षय नियन्त्रण, जलस्रोत संरक्षण तथा उत्खनन क्षेत्र पुनःस्थापनाका लागि सुरक्षित राखिनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
२१०.	मा. गणेश पराजुली	**५१**	**<u>दफा ५१ को सट्टा देहायको दफा ५१ राख्नुपर्नेः-</u>** "**५१. <u>धरौटी तथा खानी बन्द पुनर्स्थापना कार्यसम्पादन बन्धपत्र</u>** : (१) अनुमतिपत्रका लागि अनुसूची-३ बमोजिमको सामान्य धरौटी राख्नु पर्नेछ। (२) उत्खनन सुरु गर्नु अगि स्वीकृत खानी बन्द तथा पुनर्स्थापना योजनाको अद्यावधिक अनुमानित लागत बराबरको छुट्टै कार्यसम्पादन बन्धपत्र, बैङ्क जमानत वा मान्य वित्तीय सुनिश्चितता राख्नु पर्नेछ। (३) प्रभावित क्षेत्र, कामको प्रगति र पुनर्स्थापना लागतका आधारमा सो रकम आवधिक रूपमा पुनर्मूल्याङ्कन गर्न सकिनेछ। (४) दफा २९ बमोजिम पुनर्स्थापना सन्तोषजनक प्रमाणित भएपछि मात्र वित्तीय सुनिश्चितता चरणबद्ध वा पूर्ण रूपमा फुकुवा हुनेछ।"
२११.	मा. गणेश पराजुली	**दफा थप**	**<u>दफा ५१ पछि देहायको दफा ५१क. थप गर्नुपर्नेः-</u>** "**५१क. <u>परित्यक्त तथा पुराना खानी क्षेत्र पुनर्स्थापना कोष</u>** : (१) जिम्मेवार पक्ष पहिचान हुन नसकेको वा असुलीबाट तत्काल पुनर्स्थापना सम्भव नभएको पुरानो/परित्यक्त खानी क्षेत्रको जोखिम न्यूनीकरण र पुनर्स्थापनाका लागि छुट्टै कोष स्थापना गर्न सकिनेछ। (२) कोषमा जफत भएको पुनर्स्थापना वित्तीय सुनिश्चितताबाट बाँकी रकम, वातावरणीय क्षतिपूर्ति, बजेट अनुदान र प्रचलित कानुनबमोजिम प्राप्त अन्य रकम रहनेछ। (३) कोषको प्रयोग, प्राथमिकता, लेखापरीक्षण र वार्षिक सार्वजनिक प्रतिवेदनसम्बन्धी व्यवस्था नियममा स्पष्ट गरिनेछ।"
२१२.	मा. निशा डाँगी	**५२**	**<u>उपदफा (३) मा रहेका,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			- "रोयल्टी दर पुनरावलोकन गर्नेछ" भन्ने शब्दहरूका सट्टा "खनिज पदार्थको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय बजार मूल्य, गुणस्तर, उत्पादन परिमाण, उत्खनन लागत, राज्यलाई प्राप्त हुने आर्थिक लाभ तथा स्थानीय समुदायमा पर्ने प्रभाव समेतको अध्ययनका आधारमा कम्तीमा प्रत्येक पाँच वर्षमा रोयल्टी दर पुनरवलोकन गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
२१३.	मा. गंगालक्ष्मी अवाल	५२	**<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u>** "(२) खानी उत्खननबाट सङ्कलन हुने कुल रोयल्टीको कम्तीमा ३० प्रतिशत सिधै सम्बन्धित स्थानीय तहलाई र थप २० प्रतिशत स्थानीय वातावरणीय पुनरुत्थान कोषमा जम्मा गरिनु पर्नेछ।"
२१४.	मा. लिमा अधिकारी (आचार्य)	५२	**<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u>** "(२) उपदफा (१) बमोजिमको सङ्कलित रोयल्टीको दश प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहलाई सङ्कलित रोयल्टीबाट बाँडफाँट गरिनेछ।" **<u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गरी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्नेः-</u>** "(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ को २. को खण्ड (क) र (ख) का खनिज उत्खनन गरी सुरुको पाँच वर्षसम्म तयारी वस्तु उत्पादन गरेको परिणामसम्म रोयल्टी शुल्कमा ९० प्रतिशत छुट हुनेछ।"
२१५.	मा. डा. प्रमिला कुमारी गछदार	५२	**<u>उपदफा (२) मा रहेका,</u>** - "दश प्रतिशत" भन्ने शब्दहरूका सट्टा "बिस प्रतिशत" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (३) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u>** - "र रणनीतिक खनिजको हकमा विशेष रोयल्टी दर कायम गरिनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
२१६.	मा. नरेन्द्र कुमार केरुङ मा. खड्ग शाही	**दफा थप**	<u>दफा ५१ पछि देहायको दफा ५२ थप गरी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-</u> "५२. <u>वातावरणीय पुनर्स्थापना धरौटीको उपयोग</u> : (१) अनुमतिपत्रप्राप्त व्यक्तिले खानी बन्द तथा वातावरणीय पुनर्स्थापना योजना कार्यान्वयन नगरेमा वा खनिज कार्य परित्याग गरेमा अनुमतिपत्र जारी गर्ने निकायले दफा ५१ बमोजिम राखिएको धरौटी जफत गरी पुनर्स्थापना कार्यमा प्रयोग गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिमको धरौटी रकम पुनर्स्थापना कार्यका लागि अपुग भएमा अपुग रकम प्रचलित कानुनबमोजिम सम्बन्धित अनुमतिपत्रप्राप्त व्यक्तिबाट असुलउपर गर्न सकिनेछ।"
२१७.	मा. नरेन्द्र कुमार केरुङ मा. खड्ग शाही	**५२**	<u>उपदफा (१) पछि देहायको उपदफा (२) र (३) थप गरी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(२) रोयल्टी निर्धारण गर्दा सम्बन्धित खनिज पदार्थको उत्पादनको परिमाण, गुणस्तर तथा प्रचलित बजार मूल्यलाई आधार लिनु पर्नेछ र बजार मूल्यमा महत्वपूर्ण परिवर्तन आएमा प्रचलित बजार मूल्यका आधारमा रोयल्टी दर पुनरावलोकन गर्नु पर्नेछ।" (३) उपदफा (२) बमोजिम स्थानीय तहलाई प्राप्त हुने रकमको साठी प्रतिशत हिस्सा सम्बन्धित खनिज क्षेत्र तथा प्रत्यक्ष प्रभावित समुदायको वातावरण संरक्षण, खानेपानी, स्वास्थ्य, स्थानीय पूर्वाधार तथा सीप विकाससम्बन्धी कार्यक्रममा खर्च गर्नु पर्नेछ।"
२१८.	मा. अरबिन्द साह	**५२**	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u> "(२) सङ्कलित रोयल्टीको कम्तीमा पच्चीस प्रतिशत (२५%) रकम खानी तथा नदीजन्य उत्खनन प्रभावित जलाधार क्षेत्रको संरक्षण, भूमिगत जल रिचार्ज पोखरी (Recharge Ponds) निर्माण, र जलाधार व्यवस्थापन कोषमा अनिवार्य रूपमा दाखिला गर्नु पर्नेछ।"
२१९.	मा. ई. दीपक कुमार साह	**५२**	<u>देहायको उपदफा (५), (६) र (७) थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(५) उपदफा (१) बमोजिम प्राप्त रोयल्टीको बाँडफाँट अन्तरसरकारी वित्त व्यवस्थापनसम्बन्धी प्रचलित कानुनबमोजिम हुनेछ। (६) उपदफा (२) बमोजिम स्थानीय तहमा बुझाइने स्थानीय खनिज उपयोग शुल्कमध्ये कम्तीमा दश प्रतिशत रकम खनिज कार्यबाट प्रत्यक्ष प्रभावित वडा वा समुदायको हितमा खर्च गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ। (७) नेपाल सरकारले उपदफा (५) बमोजिम प्राप्त गर्ने रोयल्टी हिस्सामध्ये दुई प्रतिशत रकम राष्ट्रिय खनिज अनुसन्धान कोषमा जम्मा गर्नु पर्नेछ।"
२२०.	मा. गणेश बहादुर विश्वकर्मा	५२	**<u>देहायको उपदफा (५) थप गर्नुपर्नेः-</u>** "(५) खानी तथा खनिज पदार्थसम्बन्धी उद्योग तथा कम्पनीले गरेको वार्षिक खुद मुनाफाको २ प्रतिशत रकम व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responisbility) अन्तर्गत खानी तथा खनिज पदार्थ उत्खननबाट प्रभावित स्थानीय समुदायका सामुदायिक संस्थाको कोषमा उपलब्ध गराउनु पर्नेछ र स्थानीय समुदायले यस्तो रकम गरिबी न्यूनीकरण, सामाजिक सुरक्षा र वातावरणीय संरक्षणमा मात्र खर्च गर्नु पर्नेछ।"
२२१.	मा. मनिष झा	५२	**<u>उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थप गर्नुपर्नेः-</u>** "(१क) उत्खनित खनिजको वास्तविक परिमाण, grade/quality, बिक्री तथा निकासीको अभिलेख विद्युतीय तथा स्वतन्त्र रूपमा प्रमाणित हुने प्रणालीमार्फत कायम गर्नु पर्नेछ। (१ख) प्रत्येक आर्थिक वर्ष कम्पनीले उत्पादन, बिक्री तथा रोयल्टी भुक्तानीको विवरण स्वतन्त्र लेखापरीक्षकबाट प्रमाणित गराई सम्बन्धित निकायमा पेस गर्नु पर्नेछ। साथै स्थानीय खनिज उपयोग शुल्क तथा रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिससँग दोहोरो भार नपर्ने गरी समन्वय गर्नु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
२२२.	मा. डा. राम लामा	**दफा थप**	**<u>दफा ५१ पछि देहायको दफा ५२ थप गरी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-</u>** "**५२. <u>खानी बन्द कोष</u>** : (१) खनिज कार्य सुरु हुनु अगि नै अनुमतिपत्रप्राप्त कम्पनीले तोकिए बमोजिमको खानी बन्द कोष (Mine Closure Fund) स्थापना गरी रकम जम्मा गर्नु पर्नेछ। (२) उक्त कोष पृथक (Ring-fenced) रहनेछ र खनिज कार्य सम्पन्न वा अनुमतिपत्र रद्द भएपछि भौतिक तथा वातावरणीय पुनर्स्थापनामा मात्र प्रयोग हुनेछ। (३) रकम, व्यवस्थापन र प्रयोगसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"
२२३.	मा. प्रा. डा. पुष्पराज कडेल	**५२**	**<u>देहायको उपदफा (५), (६) र (७) थप गर्नुपर्नेः-</u>** "(५) नेपाल सरकारलाई प्राप्त राजस्वमध्ये कम्तीमा पच्चिस प्रतिशत "अन्तरपुस्ता कोषमा" जम्मा गरिनेछ। (६) कोषको रकम चालू प्रशासनिक खर्चमा प्रयोग गर्न पाइने छैन र शिक्षा, स्वास्थ्य, पूर्वाधार, अनुसन्धान तथा प्रविधि, उत्पादनशील पूँजी निर्माण र वातावरणीय पुनस्थापनामा मात्र प्रयोग गरिनेछ। (७) कोषको सञ्चालन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ।"
२२४.	मा. बिधुशी राणा	**५२**	**<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः-</u>** "(२) उपदफा (१) बमोजिमको रोयल्टीको पन्ध्र प्रतिशत (१५%) ले हुन आउने रकम स्थानीय खनिज उपयोग शुल्कबापत सम्बन्धित प्रभावित स्थानीय तहमा बुझाउनु पर्नेछ।"
२२५.	मा. सुशील खड्का	**५२**	**<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखुपर्नेः-</u>** "(३) नेपाल सरकारले कम्तीमा २ वर्षमा रोयल्टी दर पुनरावलोकन गर्नेछ।"
२२६.	मा. नितिमा भण्डारी (कार्की)		
२२७.	मा. गणेश पराजुली	**५२**	**<u>उपदफा (४) पछि देहायको उपदफा (५), (६) र (७) थप गर्नुपर्नेः-</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(५) दफा ११क. बमोजिम सङ्कलित खनिजको रोयल्टी तौल, गुणस्तर र वास्तविक बिक्री परिमाण यकिन गरी अनुसूची-५ बमोजिम गणना गरिनेछ। (६) दफा २३ख. बमोजिमको सङ्कलन केन्द्र वा अनुमतिप्राप्त खरिदकर्ताले सङ्कलनकर्तालाई भुक्तानी गर्दा लागु रोयल्टी तथा स्थानीय खनिज उपयोग शुल्क कट्टी गरी तोकिएको खातामा दाखिला गर्न सक्नेछ। (७) एउटै खनिजमा स्रोत तहमा रोयल्टी र स्थानीय उपयोग शुल्क दोहोरो लगाइने छैन।"
२२८.	मा. निशा डाँगी	५३	<u>दफा ५३ को सट्टा देहायको दफा ५३ राख्नुपर्नेः-</u> "५३. <u>खानी कार्यको सुरक्षा तथा स्वास्थ्यसम्बन्धी व्यवस्था</u> : (१) अनुमतिपत्रप्राप्त कम्पनीले खानी कार्यबाट श्रमिक, कर्मचारी तथा आसपासको समुदायको जीउज्यान र स्वास्थ्यमा पर्नसक्ने जोखिमको पहिचान तथा मूल्याङ्कन गरी जोखिम न्यूनीकरणका आवश्यक उपाय अवलम्बन गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको कम्पनीले आपत्कालीन उद्धार तथा प्रतिकार्य योजना, प्राथमिक उपचार तथा स्वास्थ्य सुविधा, आवश्यक सुरक्षा उपकरण, श्रमिकलाई सुरक्षा तालिम तथा दुर्घटना र जोखिमसम्बन्धी अभिलेख तथा प्रतिवेदन प्रणाली कायम गर्नु पर्नेछ। (३) नेपाल सरकारले खानी सुरक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्ड निर्धारण गरी सोको अनुगमन गर्नु पर्नेछ।"
२२९.	मा. डा. प्रमिला कुमारी गछदार	५३	<u>दफा ५३ मा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "खानीमा काम गर्ने श्रमिकहरूको अनिवार्य स्वास्थ्य र दुर्घटना बीमाको व्यवस्था गर्नुपर्नेछ।"
२३०.	मा. नरेन्द्र कुमार केरुङ मा. खड्ग शाही	दफा थप	<u>दफा ५२ पछि देहायको दफा ५३ थप गरी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"५३. <u>अन्तरपुस्ता खनिज कोष</u> : (१) नेपाल सरकारले गैरनवीकरणीय खनिज पदार्थबाट प्राप्त रोयल्टीको निश्चित हिस्सा भावी पुस्ताको हितमा उपयोग गर्ने प्रयोजनका लागि अन्तरपुस्ता खनिज कोष स्थापना गरी कोष सञ्चालनको जिम्मा लिनेछ। (२) उपदफा (१) बमोजिमको कोषमा जम्मा गरिने रकमको अनुपात, कोष सञ्चालन तथा लगानीसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ। (३) कोषको वार्षिक आयव्ययको विवरण महालेखापरीक्षकबाट लेखापरीक्षण गराई सङ्घीय संसद्समक्ष पेस गर्नु पर्नेछ।"
२३१.	मा. प्रा. डा. पुष्पराज कडेल	**दफा थप**	<u>दफा ५३ पछि देहायको दफा ५३क. थप गर्नुपर्नेः-</u> "५३क. <u>खानी सुरक्षा तथा जोखिम व्यवस्थापन</u> : (१) अनुमतिपत्र प्राप्त कम्पनीले श्रमिक सुरक्षा, आपतकालीन उद्धार, भूस्खलन, विस्फोट, पानी तथा अन्य खानीजन्य जोखिमको व्यवस्थापनसम्बन्धी सुरक्षा योजना लागु गर्नु पर्नेछ। (२) खानी दुर्घटना वा गम्भीर जोखिमको सूचना तत्काल सम्बन्धित निकायलाई दिनु पर्नेछ। (३) सुरक्षा मापदण्डको उल्लङ्घन भएमा सुधारात्मक आदेश, काम रोक्न वा अनुमतिपत्रसम्बन्धी कारबाही गर्न सकिनेछ।"
२३२.	मा. गणेश पराजुली	**दफा थप**	<u>दफा ५३ पछि देहायको दफा ५३क. थप गर्नुपर्नेः-</u> "**५३क. खानी स्वास्थ्य तथा कार्यस्थल सुरक्षा** : (१) अनुमतिपत्र प्राप्त कम्पनीले जोखिम मूल्याङ्कन, सुरक्षित कार्यविधि, आवश्यक व्यक्तिगत सुरक्षा उपकरण, प्राथमिक उपचार, आपत्कालीन उद्धार, दुर्घटना रोकथाम र कामदार तालिमको व्यवस्था गर्नु पर्नेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			(२) भूमिगत वा उच्च जोखिम खानीमा वायु सञ्चार, ग्यास/धुलो अनुगमन, भू-स्थिरता, आगलागी तथा आपत्कालीन निकाससम्बन्धी विशेष मापदण्ड पालना गर्नु पर्नेछ। (३) मृत्यु, गम्भीर चोट, ठूलो धसावट, विस्फोट वा खतरनाक पदार्थ चुहावट भएको घटना तुरुन्त सम्बन्धित निकायलाई जानकारी दिई सुरक्षित अवस्थामा बाहेक प्रमाण नष्ट वा स्थल परिवर्तन गर्न पाइने छैन। (४) गम्भीर दुर्घटनाको स्वतन्त्र प्राविधिक जाँच गराई सुधारात्मक आदेश लागु गर्नु पर्नेछ।"
२३३.	मा. नरेन्द्र कुमार केरुङ मा. खड्ग शाही	५६	<u>उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा नेपाल सरकारले त्यस्तो निर्णयको आधार, कारण, अवधि तथा राष्ट्रिय सुरक्षा वा राष्ट्रिय हित संरक्षण गर्न खोजिएको विषय खुलाउनु पर्नेछ र त्यस्तो निर्णयको सूचना सङ्घीय संसद्को सम्बन्धित विषयगत समितिमा अनिवार्य रूपमा पेस गर्नु पर्नेछ।"
२३४.	मा. मनिष झा	५६	<u>उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्नेः-</u> "(१क) यस दफा बमोजिम विशेष अधिकार प्रयोग गर्दा नेपाल सरकारले लिखित रूपमा कारण खुलाउनु पर्नेछ र त्यस्तो निर्णयको अभिलेख राख्नु पर्नेछ। विशेष अधिकार प्रयोग गर्दा प्रभावित अनुमतिपत्र प्राप्त व्यक्तिको कानुनी हकमा प्रत्यक्ष असर पर्ने भए प्रचलित कानुनबमोजिम क्षतिपूर्ति तथा पुनरावलोकनको व्यवस्था हुनेछ।" <u>उपदफा (२) पछि देहायको उपदफा (२क) थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(२क) क्षतिपूर्ति निर्धारण गर्दा प्रत्यक्ष क्षति मात्र नभई कानुनबमोजिमका sunk investment तथा अन्य प्रमाणित दायित्वसमेत मूल्याङ्कन गर्न सकिनेछ, तर कम्पनीको आफ्नै उल्लङ्घनबाट भएको क्षतिको क्षतिपूर्ति दिइने छैन।"
२३५.	मा. कृपाराम राना मा. साजिदा खातुन सिद्धिकी	५६	<u>उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> "तर यसरी खनिज कार्य रोक्का वा अनुमितपत्र रद्द गर्दा त्यस्तो निर्णय गर्नुपर्ने आधार एवं कारण स्पष्ट रूपमा खुलाउनु पर्नेछ र अनुमतिपत्र प्राप्त कम्पनीलाई सम्भव भएसम्म पूर्वसूचना तथा सफाइ पेस गर्ने अवसर दिनु पर्नेछ। राष्ट्रिय सुरक्षा वा राष्ट्रिय हितका कारण तत्काल निर्णय गर्नुपर्ने अवस्था भएमा तत्काल निर्णय गर्न सकिनेछ र त्यसको कारण सम्बन्धित पक्षलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ।"
२३६.	मा. डा. धनन्जय रेग्मी	५८	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u> "(२) उपदफा (१) बमोजिमको निर्णयमा चित्त नबुझेमा सम्बन्धित पक्षले एक्काइस दिनभित्र मन्त्रालयको सचिवसमक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।" <u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u> "(३) उपदफा (२) बमोजिमको निवेदन सम्बन्धमा तिस दिनभित्र निर्णय गर्नु पर्नेछ।"
२३७.	मा. भरत प्रसाद पराजुली		
२३८.	मा. डा. प्रमिला कुमारी गछदार	५८	<u>उपदफा (१) मा रहेका,</u> - "अनुमतिपत्र जारी गर्ने निकाय र अनुमतिपत्र प्राप्त कम्पनीबिच" भन्ने शब्दहरूका सट्टा "जारी गर्ने कार्य, कम्पनी र प्रभावित स्थानीय समुदायबिच" भन्ने शब्दहरू राख्नुपर्ने।
२३९.	मा. बिधुशी राणा	५८	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u> "(२) उपदफा (१) बमोजिमको निर्णयमा चित्त नबुझेमा सम्बन्धित पक्षले एक्काइस दिनभित्र मन्त्रालयको सचिवसमक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
२४०.	मा. सुशील खड्का	**५८**	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u> "(२) उपदफा (१) बमोजिमको निर्णयमा चित्त नबुझेमा सम्बन्धित पक्षले १५ दिनभित्र पुनरावलोकनका लागि निवेदन दिन सक्ने तथा उक्त निवेदन सम्बन्धमा तिस दिनभित्र निर्णय गर्नुपर्ने।"
२४१.	मा. नितिमा भण्डारी (कार्की)		
२४२.	मा. निशा डाँगी	**दफा थप**	<u>दफा ५८ पछि देहायको दफा ५८क. थप गर्नुपर्नेः-</u> "**५८क. <u>गुनासो सुनुवाइ तथा समाधानसम्बन्धी व्यवस्था</u>** : (१) खनिज कार्यबाट प्रभावित व्यक्ति वा स्थानीय समुदायले वातावरण, स्वास्थ्य, सम्पत्ति, क्षतिपूर्ति, जीविकोपार्जन वा अन्य प्रतिकूल प्रभावसम्बन्धी गुनासो पेस गर्न सक्ने गरी अनुमतिपत्र प्राप्त कम्पनीले तोकिएबमोजिमको गुनासो सुनुवाइ तथा समाधानको व्यवस्था स्थापना गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको गुनासो समाधानको प्रक्रिया सरल, पारदर्शी, निष्पक्ष, समयबद्ध तथा निःशुल्क हुनु पर्नेछ। (३) यस दफाबमोजिमको गुनासो समाधान प्रक्रियाले प्रचलित कानुनबमोजिम न्यायिक वा प्रशासनिक उपचार प्राप्त गर्ने अधिकारमा कुनै बाधा पुऱ्याएको मानिने छैन।"
२४३.	मा. गणेश कार्की	**५९**	<u>दफा ५९ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> "माथि जे लेखिएको भएपनि छुट, सुविधा र सहुलियतको प्रत्याभूति पाएको कम्पनीले सुरुमा अनुमति लिएभन्दा पछि थप क्षेत्रफल वा अन्य अनुमति प्राप्त गरेको हकमा लागु हुनेछैन।"
२४४.	मा. गणेश पराजुली	**५९**	<u>दफा ५९ को सट्टा देहायको दफा ५९ राख्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"५९. <u>स्वीकृत सुविधा तथा नियामक परिवर्तन</u> : (१) अनुमतिपत्र वा प्रचलित कानुनबमोजिम निश्चित अवधिका लागि स्पष्ट रूपमा प्रदान गरिएको छुट, सुविधा वा सहुलियत सो अवधिभर कानुनबमोजिम लागु हुनेछ। (२) उपदफा (१) ले भविष्यमा सर्वसाधारणमा समान रूपमा लागु हुने वातावरण, जनस्वास्थ्य, खानी सुरक्षा, श्रम, भ्रष्टाचार नियन्त्रण, राष्ट्रिय सुरक्षा वा आपत्कालीन जोखिमसम्बन्धी कानुन/मापदण्ड पालना गर्नबाट कुनै कम्पनीलाई उन्मुक्ति दिने छैन। (३) कर, रोयल्टी वा अन्य आर्थिक नीतिको परिवर्तन सम्बन्धित वित्तीय तथा कर कानुनबमोजिम हुनेछ।"
२४५.	मा. डा. धनन्जय रेग्मी	६०	<u>दफा ६० को दफा शीर्षकपछि उल्लिखित बेहोराको सट्टा देहायको बेहोरा राख्नुपर्नेः-</u> - "उत्खनन अनुमतिपत्र जारी हुँदाको रोयल्टी दर अनुमतिपत्रको पूर्ण अवधिभर स्थिर रहनेछ (वा वार्षिक प्रतिशतभन्दा बढी बढाउन नपाइने)।"
२४६.	मा. भरत प्रसाद पराजुली		
२४७.	मा. मनिष झा	६०	<u>दफा ६० को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> "तर रोयल्टी, स्थानीय खनिज उपयोग शुल्क, अनुमतिपत्र दस्तुर, धरौटी वा राज्यको आर्थिक दायित्वमा प्रत्यक्ष प्रभाव पर्ने अनुसूचीको विषयमा हेरफेर गर्दा सम्बन्धित सङ्घीय संसदीय समितिलाई जानकारी गराई कारणसहित सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। कर/राजस्व वा राज्यको महत्वपूर्ण आर्थिक दायित्व सिर्जना वा परिवर्तन गर्ने विषय प्रचलित कानुनबमोजिम सङ्घीय संसद्बाट मात्र निर्धारण गर्नु पर्नेछ।"
२४८.	मा. बिधुशी राणा	६०	<u>दफा ६० मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"तर लगानीकर्ताको हक हित विपरीत हुने गरी रोयल्टी वा करको दर अकस्मात बढाउन पाइने छैन।"
२४९.	मा. गणेश पराजुली	६०	<u>दफा ६० को दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप गर्नुपर्नेः-</u> "(२) रोयल्टी, दस्तुर, धरौटी, खनिज वर्गीकरण वा अनुमतिपत्रको आर्थिक भारमा उल्लेखनीय असर पर्ने गरी अनुसूची हेरफेर गर्दा प्राविधिक तथा आर्थिक प्रभाव अध्ययन, कम्तीमा तिस दिनको सरोकारवाला परामर्श र परिवर्तनको कारण सार्वजनिक गर्नु पर्नेछ। सार्वजनिक सुरक्षा वा आपत्कालीन अवस्था बाहेक यस्तो परिवर्तन भूतलक्षी रूपमा लागु हुने छैन।"
२५०.	मा. नरेन्द्र कुमार केरुङ मा. खड्ग शाही	दफा थप	<u>दफा ६० पछि देहायको दफा ६१ थप गरी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-</u> "६१. <u>वार्षिक प्रतिवेदन सङ्घीय संसद्समक्ष पेस गर्नुपर्ने</u> : (१) नेपाल सरकारले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र खानी तथा खनिज पदार्थ क्षेत्रको समग्र स्थितिसम्बन्धी वार्षिक प्रतिवेदन सङ्घीय संसद्समक्ष पेस गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा जारी तथा नवीकरण गरिएका अनुमतिपत्र, प्राप्त रोयल्टी तथा अन्य राजस्व, वातावरणीय अनुगमनको अवस्था, निलम्बन वा रद्द गरिएका अनुमतिपत्र, प्रमुख विवाद तथा तिनको समाधानको अवस्था र सम्बन्धित स्थानीय तहमा उपलब्ध गराइएको लाभसम्बन्धी विवरण समावेश गर्नु पर्नेछ।"
२५१.	मा. गणेश पराजुली	६१	<u>दफा ६१ को दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) र (३) थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(२) नियमले यस ऐन वा अनुसूचीमा आधार नभएको नयाँ कर, रोयल्टी, धरौटी, कसुर, सजाय, अनुमतिपत्र रद्द गर्ने मूल आधार वा सारभूत अधिकारमा नयाँ बन्देज सिर्जना गर्न सक्ने छैन, त्यस्ता विषयको मूल आधार ऐनमै स्पष्ट हुनु पर्नेछ। (३) योग्यता, शुल्क, वातावरणीय दायित्व, बजार पहुँच वा लगानीमा उल्लेखनीय असर पर्ने नियमको मस्यौदा आपत्कालीन राष्ट्रिय सुरक्षा विषयबाहेक कम्तीमा तिस दिन सार्वजनिक गरी राय माग्नु पर्नेछ।"
२५२.	मा. गणेश पराजुली	६२	<u>दफा ६२ को उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) र (३) थप गर्नुपर्नेः-</u> "(२) निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउँदा खनिजको प्रकृति, खानीको स्तर, उत्खनन विधि, भू-आकृति, सडक र बजार पहुँच, पानीको अवस्था, वातावरणीय जोखिम र प्रविधिको भिन्नताअनुसार आवश्यक फरक मापदण्ड बनाउन सकिनेछ। (३) प्राविधिक निर्देशिका, कार्यविधि वा मापदण्ड तयार वा संशोधन गर्दा विषयअनुसार खानी तथा भू-गर्भ विज्ञ, इन्जिनियर, विश्वविद्यालय/अनुसन्धान संस्था, उद्योग प्रतिनिधि, श्रमिक, प्रभावित समुदाय, प्रदेश र स्थानीय तहसँग परामर्श गरी प्रमुख सुझाव र निर्णयको संक्षिप्त विवरण सार्वजनिक गर्नु पर्नेछ।"
२५३.	मा. डा. धनन्जय रेग्मी	६३	<u>उपदफा (२) मा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "सबै विद्यमान अनुमतिपत्र (अन्वेषण/उत्खनन/प्रोस्पेक्टिङ) जुन निकायबाट जारी भएका हुन् सोही निकायको अधिकारक्षेत्रमा कायमै रहनेछन्। गुणस्तर र परिमाण यकिन भइसकेको अनुमतिपत्रधारकले अगिल्ला चरण सिधै नदोहोऱ्याई उत्खनन अनुमतिपत्रका लागि निवेदन दिन पाउनेछ।"
२५४.	मा. भरत प्रसाद पराजुली	६३	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा
			"(२) खानी तथा खनिज पदार्थ ऐन २०४२ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ। यो ऐन प्रारम्भ हुँदा कायम रहेका अन्वेषण, प्रोस्पेक्टिङ तथा उत्खनन अनुमतिपत्र सोही सर्त र वैध अवधिसहित निरन्तर कायम रहनेछन र अधिकारक्षेत्र परिवर्तनका कारण पुनः नयाँ आवेदन दिनुपर्ने छैन।"
२५५.	मा. डा. धनन्जय रेग्मी	**दफा थप**	**<u>देहायका दफा थप गर्नुपर्नेः-</u>** **"नयाँ दफा. <u>स्वत स्वीकृत हुने (डिम्ड अप्रुभल)</u>** : दफा १२, १४, १७ र २२ सबै अनुमोदन चरणको समयसिमा तोकिए बमोजिम हुनेछ। तोकिएको अवधिभित्र सम्बन्धित निकायले निर्णय नगरेमा निवेदन स्वतः स्वीकृत मानिनेछ।
२५६.	मा. सुशील खड्का		
२५७.	मा. गोपाल शर्मा	**अनुसूची-१**	**<u>अनुसूची-१ को बुँदा नं. २ (खनिज पदार्थको महत्त्वको आधारमा खनिज पदार्थको वर्गीकरणः-) मा देहायको खण्ड (क) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-</u>** "(क) रणनैतिक तथा सामरिक महत्वको खनिज पदार्थ १. रेयर अर्थ इलिमेन्ट्स २. रेडियोधर्मी खनिज (युरेनियम, थोरियम)"
२५८.	मा. रमेश कुमार मल्ल		
२५९.	मा. बर्षमान पुन		
२६०.	मा. सुशील खड्का	**अनुसूची-१**	**<u>अनुसूची-१ को बुँदा नं १ (खनिज पदार्थको प्रकृतिको आधारमा खनिज पदार्थको वर्गीकरणः-) को,-</u>** **<u>खण्ड (ख) को क्रम सङ्ख्या ४२ मा रहेका,</u>** - "र स्लेट" भन्ने शब्दहरू झिकी उक्त क्रम सङ्ख्यामा "साधारण निर्माणमुखी खनिज (ढुंगा, बालुवा, गिट्टी, ग्राभेल र माटो)" भन्ने शब्दहरू कायम गर्नुपर्ने। **<u>खण्ड (ग) को क्रम सङ्ख्या १९. मा रहेका,</u>** - "र स्लेट" भन्ने शब्दहरू झिकी उक्त क्रम सङ्ख्यामा "साधारण निर्माणमुखी खनिज (ढुंगा, बालुवा, गिट्टी, ग्राभेल र माटो)" भन्ने शब्दहरू कायम गर्नुपर्ने।

<table>
<tr><th>क्र.स.</th><th>संशोधन प्रस्तुतकर्ता
माननीय सदस्यहरू</th><th>विधेयकको
प्रस्तावना/दफा/अनुसूची</th><th>संशोधनको बेहोरा</th></tr>
<tr><td>२६१.</td><td>मा. पूनम कुमारी अग्रवाल</td><td>अनुसूची-३</td><td rowspan="2"><u>अनुसूची-३ (दस्तुर र धरौटी) अन्तर्गतको “(ख) उत्खनन कार्यको लागि-” शीर्षकमा तालिकामा उल्लिखित,</u>
- प्रत्येक विवरणको लागि तोकिएको दस्तुरमा ५० प्रतिशत दस्तुर र धरौटी रकम घटाउनु पर्ने।</td></tr>
<tr><td>२६२.</td><td>मा. परशुराम तामाङ्ग</td><td>अनुसूची-३</td></tr>
<tr><td>२६३.</td><td>मा. गणेश पराजुली</td><td>अनुसूची-३</td><td><u>अनुसूची-३ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गर्नुपर्नेः-</u>
“(ङ) परम्परागत वा हस्तकलामूलक सतही खनिज सङ्कलन अनुमतिपत्र :
(१) वार्षिक अनुमतिपत्र दस्तुर रु. ५००।-
(२) नवीकरण दस्तुर रु. ५००।-
(३) अनुमतिपत्र प्रतिलिपि दस्तुर रु. १००।-
- तोकिएको मापदण्ड पूरा गर्ने विपन्न परम्परागत सङ्कलनकर्तालाई स्थानीय तहले दस्तुरमा आंशिक छुट दिन सक्नेछ।”</td></tr>
<tr><td>२६४.</td><td>मा गंगादेवी श्रेष्ठ</td><td>अनुसूची-५</td><td><u>अनुसूची-५ मा,</u>
रुबीको रोयल्टी तोकिनुपर्ने।</td></tr>
<tr><td>२६५.</td><td>मा. पूनम कुमारी अग्रवाल</td><td>अनुसूची-५</td><td><u>अनुसूची-५ (रोयल्टी दर) अन्तर्गत रहेको खनिज पदार्थको रोयल्टी दरमा देहायबमोजिम परिवर्तन गर्नुपर्नेः-</u>
<table>
<tr><th>खनिज पदार्थको वर्ग</th><th>खनिज पदार्थको नाम</th><th>रोयल्टी दर (रकम रुपैयाँमा) प्रति उल्लिखित इकाई</th></tr>
<tr><td rowspan="4">१. धातु</td><td>१. सुन</td><td>३,०००।-</td></tr>
<tr><td>२. चाँदी</td><td>२५,०००।-</td></tr>
<tr><td>३. तामा</td><td>२,०००।-</td></tr>
<tr><td>४. जस्ता</td><td>५०।-</td></tr>
</table></td></tr>
</table>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा		
				५. शिशा	५०|-
				६. फलाम	१,०००|-
			२. अधातु	१. चुनढुङ्गा	१२५|-
				२. क्यालसाइट	१५०|-
				३. खरी	२००|-
				५. नुन	५००|-
				६. क्वार्ज (क्रिस्टल) (१) जेम्स स्तर (२) औद्योगिक स्तर	 ५००|- १,०००|-
				७. बक्साईट	१,०००|-
				८. म्याग्नेसाइट	२००|-

<table>
<tr><th>क्र.स.</th><th>संशोधन प्रस्तुतकर्ता
माननीय सदस्यहरू</th><th>विधेयकको
प्रस्तावना/दफा/अनुसूची</th><th>संशोधनको बेहोरा</th></tr>
<tr><td>२६६.</td><td>मा. सुशील खड्का</td><td>अनुसूची-५</td><td><u>अनुसूची-५ मा रहेको रोयल्टी दरमा देहायबमोजिम परिवर्तन गर्नुपर्ने:-</u>
<table>
<tr><th>खनिज पदार्थको वर्ग</th><th>खनिज पदार्थको नाम</th><th>रोयल्टी दर (रकम रुपैयाँमा) प्रति उल्लिखित इकाई</th></tr>
<tr><td rowspan="3">१. धातु</td><td>४. जस्ता</td><td>३ प्रति केजी (धातु)</td></tr>
<tr><td>५. शिशा</td><td>१ प्रति केजी (धातु)</td></tr>
<tr><td>६. फलाम</td><td>४० प्रति टन (धाउ)</td></tr>
<tr><td rowspan="2">२. अधातु</td><td>१६. गार्नेट
(१) जेम्स स्तर
(२) औद्योगिक स्तर</td><td>५००० प्रति केजी
३०० प्रति केजी</td></tr>
<tr><td>१७. काइनाइट
(१) जेम्स स्तर
(२) औद्योगिक स्तर</td><td>२००० प्रति केजी
३०० प्रति केजी</td></tr>
</table></td></tr>
</table>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/अनुसूची	संशोधनको बेहोरा		
२६७.	मा. नितिमा भण्डारी (कार्की)			२०. ड्रेस ब्लक - ब्लक स्टोन (ग्रेनाइट, इम्फिबोलाइट, मार्बल, नाईस आदि)	४०० प्रति घन मिटर
				२२. औद्योगिक बालुवा (सिलिका स्याण्ड)	५० प्रति घनमिटर
				२३. माटो (१) साधारण औद्योगिक माटो	 ४० प्रति घनमिटर
				२४. साधारण निर्माण ढुङ्गा (१) साधारण ढुङ्गा (२) स्ल्याब स्टोन (क्वारजाईट, स्लेट, फिलाइट, सिस्ट नाइस, आदि) (३) गिटि (४) बालुवा (५) ग्राभेल	 ५० प्रति घनमिटर ३० प्रति मिटर २० प्रति घनमिटर ३० प्रति घनमिटर २५ प्रति घनमिटर

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. २६७ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख